# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

उमेरको दृष्टिकोणले समान्यतया अपरिपक्व र कलिला व्यक्तिहरुलाई बालबालिका भनिन्छ । उनीहरु कम उमेरका हुने भएकाले हेरचाह र संरक्षणको आवश्यकता पर्दछ । बाल्य अवस्थामा मस्तिष्कको पूर्ण विकास भई नसक्ने हुनाले उनीहरुको यस अवस्थालाई नावालक पनि भन्ने गरिन्छ । आफनो राज्यको कानूनले त्यहाँको वाल्यस्थिीति परिपक्वता प्राप्त गर्न सक्ने उमेरको मूल्यांकन र उनीहरुले गर्ने कार्यको पद्धतिको आधारमा बालबालिकाहरुको उमेर निर्धारण गरिएको हुन्छ । संयुक्त राष्ट्रसंघ बालअधिकार महासन्धि १९८९ ले कुनै पनि राष्ट्रिय कानूनमा अन्यथा तोकिएकोमा बाहेक १८ वर्ष मुनिका सबै व्यक्तिलाई बालबालिका सम्झनु पर्दछ भनी परिभाषित गरेको छ । उमेरको हद कम र देश अनुसार फरक परेको पाइन्छ । जस्तै  फिलिपिन्समा १४ वर्ष, उधौडा तर्फ १५ वर्ष, समुद्री माछा मार्ने काममा १८ वर्ष आदि छ । अन्तरराष्ट्रिय श्रम संगठनको न्यूनतम उमेर सम्बन्धी महासन्धीले हल्का कामको लागि १३ वर्ष र खतारापूर्ण कामको लागि हुनुपर्ने उमेर १८ वर्ष तोकेको छ ।

जस्तो भएपनि अन्तरराष्ट्रिय श्रमसंगठनले पनि विद्यालय शिक्षाको पूरा हुने उमेरलाई नै समान्य कामको लागि पनि न्यूनतम उमेर १५ वर्ष तोकेको छ । हाम्रो देशको सन्दर्भमा बालकलाई जनाउन नावालक, केटाकेटी, बच्चाबच्ची, शिशु, नानी जस्ता शब्दहरु प्रयोग गरिन्छ । बालबालिका सम्बन्धी ऐन २०४८ को दफा २ को उपदफा (क) मा बालक भन्नाले सोह्र बर्ष उमेर पुरा नगरेको बालबालिका सम्झनु भन्ने उल्लेख गरिएको छ । श्रम ऐन २०४८ कै दफा २ को (ज) र (झ) मा केटाकेटी भन्नाले १४ वर्ष उमेर नपुगेका व्यक्तिहरुलाई

सम्झनु पर्छ र नावालिका भन्नाले १४ वर्ष उमेर पुगेको तर १८ वर्ष उमेर पुरा नभएका व्यक्तिहरुलाई सम्झनु पर्दछ (नेपाल सरकार, बालयौन शोषण नियन्त्रण निर्देशिका, २०५६) । एउटा मजबुत र सुरक्षित घरको कल्पना त्यतिबेला गर्न सकिन्छ, जतिवेला त्यसको जग मजबुत र बलियो बनाइन्छ । त्यसरी नै एउटा सभ्य सुसंस्कृत एवम् सामाजिक प्रतिष्ठायुक्त मानिस त्यतिबेला तयार हुन्छ जतिबेला उसले जीवनको प्रारम्भिक दिनहरुमा आवश्यक एवम् उचित लालनपालन र अन्य न्यूनतम आवश्यकताको कमी महसुस नगरी हुर्कने वातावरण पाइरहेको हुन्छ । मानिसको जीवनका पूर्वार्द्धका दिनहरु व्यतित हुने आधारशिला तय भइरहेको हुन्छ । तसर्थ बालबालिकाको सर्वाङ्गिण विकासले नै मानिसको भावी जीवनको लक्ष्य निर्धारण गर्दछ भन्दा अत्युक्ति हुदैन ।

प्रारम्भिक बाल्यावस्थाको विकासको अर्थ जन्मदेखि ५ वर्षसम्मका बालबालिकाहरुको विकास भन्ने बुझिन्छ यस अवस्थाको विकास भित्र बालबालिकाको शारीरिक, मानसिक, समाजिक बौद्धिक, संज्ञानात्मक लगायतका सबै पक्षहरुका विकास पर्दछन् । प्रारम्भिक वाल्यवस्थाको विकासले बालबालिकाको भविष्यको जीवनको मार्ग निर्देशन गर्दछ । यस अवस्थामा बालवालिकाहरु पूर्णरुपमा घरपरिवार, समुदाय र विद्यालयमा निर्भर रहन्छन् । यस अवस्थाको वातावरणले बालबालिकामा चिन्तन तार्किक क्षमता, रहन सहन र बानी व्यवहारको निर्माण, जीवन पद्धति आदि सवै कुराको विकास गराउँछ । प्रारम्भिक बाल्यावस्था ज्याँदै महत्वपूर्ण, ज्यादै नाजुक र जीवनको आधार स्तम्भ हो । यसअवस्थाको विकासका लागि उपयुक्त शिक्षाको आवश्यकता पर्दछ । त्यसका लागि घर परिवार र समुदाय तथा विद्यालय ज्यादै सचेत र सक्रिय वन्नु पर्दछ । त्यसैले बाल विकास भन्नाले बालकको शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक र सृजनात्मक पक्षको विकास भन्ने वुझिन्छ (शर्मा एण्ड शर्मा, २०६८) ।

बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागिताका लागि बालविकास केन्द्रको अवधारणा आएको छ । बालिकाहरुको इच्छा र चाहना अनुसार बालविकास केन्द्रले कस्तो क्रियाकलाप सञ्चालन गर्नुपर्छ, उनीहरुको शारीरिक, बौद्धिक, मानसिक, संवेगात्मक एवम् सामाजिक विकास गर्न, भविष्य सुनिश्चित गर्न बाल मनोविज्ञान अनुसार मनोरञ्जनात्मक एवम् वैज्ञानिक ढंगले बालविकास कार्यक्रम सञ्चालन गरी राम्रो सकारात्मक प्रवृति र सृजनात्मक सीपको विकास गर्नमा प्रारम्भिक बालविकास केन्द्रले जोड दिइएको छ ।

मानवजातिको विकास बारेमा शिक्षाविदहरुले विभिन्न समयमा हरेक दृष्टिकोणले अध्ययन अनुसन्धान र विश्लेषण गर्दै आए अनुरुप विद्यालय उमेर समुह विभाजन रुचि, स्तर क्षमता र उमेर अनुसार वर्गिकरण गर्दै आएकोमा विद्यालयको पूर्व तयारी उमेर समेतलाई ध्यान दिइ ३-५ वर्ष उमेर समुहलाई शिशु कक्षा र पूर्व प्राथमिक वा बालविकास केन्द्र आदि नामले चिनाउने गरेको पाइन्छ ।

यसको शुरुवात विकसित राष्ट्रहरुमा व्यस्त नागरीकहरुले काममा जाने समयमा बाल स्याहार केन्द्रमा राख्नेवाट भएको पाइन्छ । जहाँ बच्चाहरुलाई आयाद्धारा रेखदेख गर्ने, खुवाउने, खेलाउने र सुताउने गरिन्थ्यो । पछि गएर त्यहीवाट स्याहार केन्द्रमा सिकाईका अवधारणाको विकास गरियो । ३-५ वर्षका बालवालिकाहरुको सर्वाङ्गिण विकासको साथ साथै विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्य अनुरुप बालविकास केन्द्रको स्थापना भएको हो, ( जि.शि.का., २०६२) ।

बालवालिकाहरु जन्मदा नै अन्तर्निहित क्षमताहरु लिएर जन्मिएका हुन्छन् । बालवालिकाका यस्ता अन्तरर्निहित क्षमताहरु फरक फरक मात्रामा हुने गर्दछन् । तापनि क्षमताहरुको प्रस्फुटन गराई विकासका चरणमा अघि बढाउनु पर्दछ ।

यसरीअघि बढाउने क्रममा शिक्षालाई प्रमुख माध्यम मानिन्छ किन भने शिक्षाको विशेषता र उद्देश्य नै बालवालिकाको अन्तर्निहित क्षमताको प्रस्फुटन गराउनु हो ।

अतः प्रारम्भिक वाल्यवस्थाको विकासको आधार बालवालिकाको स्याहार र बालवालिकाको शिक्षा हो । बालवालिकाको स्याहार र शिक्षा एउटै सिक्काका दुई पाटाहरु हुन । प्रारम्भिक वाल्यावस्था शिक्षा विभिन्न मुलुकहरुले विभिन्न नामहरुवाट सञ्चालन गरेको पाइन्छ । सामान्यतया प्रारम्भिक वाल्यावस्था शिक्षालाई पूर्व प्राथमिक शिक्षाका रुपमा बुझ्ने गरेको पाइन्छ । वास्तवमा पूर्व प्राथमिक शिक्षा भनेको प्राथमिक विद्यालय पूर्व दिइने शिक्षा हो । जुन १ वा २ वर्ष दिइने गरिन्छ । जन्मको अवस्थावाट सञ्चालन गरिने दिवा हेरचाह केन्द्रहरु समेत प्रारम्भिक वाल्यावस्था शिक्षाका कार्यक्रमहरु भित्र पर्दछन् । यस्ता शिक्षाहरुलाई आफ्ना-आफ्ना भाषा,सँस्कृति,संस्कार र प्रचलनहरु अनुसार नामाकरण गरिएको छ ।

ती निम्न हुन् : खेल समूह शिक्षा, नर्सरी शिक्षा, पूर्व प्राथमिक शिक्षा, बाल विद्यापीठ, गार्टन विद्यालय, शिशु शिक्षा सदन, किन्डर गार्टन स्कुल, बाल उद्यान, शिशु निकेतन, बाल सेवा सदन, बाल कुञ्ज, बाल मन्दिर, बाल विहार, दिवा सेवा केन्द्र आदि । यस प्रकार प्रारम्भिक वाल्यावस्था शिक्षालाई विभिन्न सेवा केन्द्रका नामवाट सञ्चालन गर्ने गरेको पाइन्छ । नेपालको सन्दर्भमा भन्नु पर्दा दिवा सेवा केन्द्र, बाल शिक्षा, शिशु कक्षा, बाल मन्दिर, बाल संसार, पूर्व प्राथमिक शिक्षा, किन्डर गार्टन स्कूल, नर्सरी शिक्षा, बाल स्याहार केन्द्र, बाल विकास शिक्षाका नामवाट प्रारम्भ बाल्यावस्था शिक्षा सञ्चालन गरेको पाइन्छ, (शर्मा एण्ड शर्मा, २०६८) ।

अतः नेपालको सन्दर्भमा स्थापना भएका यस्ता स्याहार केन्द्रहरुमा बाल मन्दिरलाई सवैभन्दा पहिलो, औपचारिक रुपको र मान्यता प्राप्त रुपको

मानिन्छ । त्यसैले बाल मन्दिरको स्थापनालाई नै नेपालको प्रारम्भिक वाल्यावस्थाको ऐतिहासिक सुरुवात मान्नु पर्दछ । यस पछि बालवालिकालाई शिक्षा दिने बहानामा विभिन्न तहका शैक्षिक संस्थाहरुको स्थापना र विकास हुदै गयो । जुन नेपालको प्रारम्भिक बाल्यावस्थाको ऐतिहासिक विकास हो ।

शिक्षा ऐन २०२८ को संशोधन २०६३ को दफा २ तथा शिक्षा नियमावली २०५९ को नियम ६७ अनुसार प्रारम्भिक बालविकास कार्यक्रम निर्देशिका २०६१ को दफा २ ले बालवालिकाहरुको सर्वाङ्गीण विकासको कार्य गर्ने ४ वर्ष मुनिका बालवालिकाहरुको लागि सेवा पुऱ्याउने वा ४ वर्ष मुनिका बालवालिकाका साथै ४ देखि ५ वर्ष उमेर समुहका बालवालिकालाई समेत पुऱ्याउने विकास केन्द्र र पूर्व प्रारम्भिक कक्षा सहितको समुदाय वा विद्यालयमा आधारित भई संचालित संस्थाको एकिकृत संरचनालाई वाल विकास केन्द्र भनि परिभाषित गरिएको छ ।

सन् १९९० मा थाइलेण्डको जोमटिन र सन् २००० मा सेनगेलको डकारमा भएको "सबैको लागि शिक्षा" सम्वन्धी विश्व सम्मेलनले शिक्षाका अन्य पक्षहरुका साथ साथै प्रारम्भिक बाल्यावस्था स्याहार तथा शिक्षाका विस्तार र सुधार गर्ने लक्ष्य राखेका छन् । यो लक्ष्य प्राप्त गर्नका लागि सन् २००१ मा श्री ५ को सरकारले सवैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना, २००१-२०१५ तयार गरी सन् २०१५ सम्ममा ३ देखि ५ वर्ष उमेरका बालवालिकाहरु मध्ये ८० प्रतिशत बालवालिकाहरुलाई सेवा पुऱ्याउन जम्मा ७४,०००।- प्रारम्भिक बालविकास केन्द्रहरुको स्थापना गर्ने लक्ष्य राखेको छ, (सेरिड, २०६१) ।

बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ३ देखि २० सम्म बालबालिकाको हक अधिकारहरुका बारेमा स्पष्टसँग उल्लेख गरिएको छ । बालअधिकार भन्नाले उनीहरुको बाँच्न पाउने, नाम पाउने, पालनपोषण, शिक्षा, स्वास्थोपचारको अधिकार, मनोरंजन, संरक्षण, व्यक्तित्व विकास, आफनो बारेमा तय गरिने

नीति र सामाजिक गतिविधिहरुमा सहभागी हुन पाउने अधिकारको एकुमष्ट स्वरुप हो (बाल अधिकार सम्बन्धी ऐन, २०४८) ।

राज्यका नीतिहरुको उपधारा ८ मा राज्यले बालबालिकाको शोषण हुन नदिन उनीहरुको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गरिनेछ र निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमशः गर्दै जाने व्यवस्था उल्लेख छ । त्यसैगरी उपधारा ९ मा राज्यले अनाथ बालबालिका, असहाय, महिला, बृद्ध, अपाङ्ग र अशक्तहरुको संरक्षण र उन्नतिका लागि शिक्षा स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अबलम्बन गर्ने व्यवस्था गरिएको छ ।

त्यसरी नै बालविकास केन्द्रहरु मार्फत पनि बालबालिकाहरुको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक, मानसिक विकासमा सहयोग पुरयाउने उद्देश्यले स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय निकायहरु गाउँ विकास समिति र नगरपालिकालाई आ-आफ्नो स्रोतबाट पूर्व प्राथमिक विद्यालय स्थापना गर्ने र त्यस्ता केन्द्रहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ (शिक्षा विभाग, नेपालको प्रारम्भिक बालविकास सम्बन्धी रणनीति पत्र, २०६१) ।

प्रजातन्त्र पूनःस्थापना पश्चात् जारी भएको नेपाल अधिराज्यको संविधान २०४७ ले बालबालिकाहरुको उपयुक्त रेखदेख र विकासमा जोड दिइएको छ । त्यसरी नै नेपालको अन्तरिम संविधान २०६३ ले पनि बालबालिकाहरुका सम्बन्धमा विशेष व्यवस्थाहरु गरेको छ । अन्तरिम संविधान २०६३ को धारा २२ मा “प्रत्येक बालबालिकाहरुलाई आफनो पहिचान  तथा नामको हकहो” । उनीहरुलाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हकहो । शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानूनद्वारा दण्डनीय हो । त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिन्छ ।

असहाय, अनाथ, सुस्तमनस्थिती, द्वन्द पिडित, विस्थापित एवम् जोखिममा परेका सडक बालबालिकाहरुलाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हो (नेपालको अन्तरिम संविधान, २०६३) ।

शिक्षा ऐन २०२८ (संशोधन सहित) को व्यवस्था अनुसार आफनै स्रोतबाट पूर्व प्राथमिक विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धित न.पा. ले दिन सक्ने व्यवस्था छ । संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा सन् १९४८ मा शिक्षा पाउनु प्रत्येक व्यक्तिको मौलिक अधिकार भनिएको छ । त्यसरी नै संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी विश्वव्यापी घोषणा १९४८ ले "शिक्षा पाउनु अधिकार भएकोले कम्तिमा आधारभूत तथा प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुनुपर्छ भनेको छ" (नेपाल सरकार, बालअधिकार महासन्धी, १९४९) ।

सबैका लागि शिक्षा सम्बन्धी विश्व सम्मेलन, बालबालिकाहरुको लागि विश्व शिखर सम्मेलन, बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासम्मेलनमा नेपालले प्रतिवद्धता जनाए अनुसार प्राथमिक उमेरका बालबालिकाहरुका रेखदेख र विकास सम्बन्धी राष्ट्रिय योजना र नीतिहरुको विकास गरिएको छ । सरकारका योजना तथा नीतिहरुमा बालविकासको लागि कार्यक्रमहरु तय गरिएका छन् ।

आधुनिक नेपालको शैक्षिक इतिहासमा पूर्व प्राथमिक शिक्षा सम्बन्धी औपचारिक प्रयासको थालनी सरकारी स्तरमा वि.सं. २००७ सालमा काठमाण्डौंमा मन्टेश्वरी स्कूल स्थापनाबाट भएको पाइन्छ । यसका लागि चाहिने आवश्यक तालिम शुरुमा केही शिक्षकहरुले भारतबाट प्राप्त गरेका थिए भने २०१९ सालतिर केही शिक्षकहरु तालिमका लागि इजराइल समेत गएका थिए । २०२० सालमा सो मन्टेश्वरी स्कूल तत्कालिन डेमोन्ट्रेसन (हाल ल्याबोरेटरी) स्कूलमा

गाभिए पछि विद्यालय उमेर नपुगेका स साना केटाकेटीहरुका लागि २०२१ मा शिशु कक्षाको व्यवस्था गर्न खोजिएको देखिन्छ । यस सन्दर्भमा २०२२ साल देखि बालमन्दिरहरुको स्थापना भई शिशु शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालन हुन थालेको उल्लेखनीय छ । शिक्षा मन्त्रालय अन्तर्गत २०२५ साल देखि शिशु कक्षा सम्बन्धी पाठ्यक्रम तर्जुमा गर्न थालिएको हो । उक्त पाठ्यक्रमलाई पुनः कक्षा व्यवस्था नियमावलीद्वारा २०२९ मा सुव्यवस्थित गर्ने प्रयास गरियो ।

यसका अतिरिक्त नेपाल राष्ट्रिय शिक्षा योजना २०१२, सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले पुर्वप्राथमिक शिक्षा सम्बन्धमा सिफारिशहरु गरेका थिए तर पुर्व प्राथमिक उमेरमा बालबालिकाहरुको शिक्षा र विकास सम्बन्धमा राष्ट्रिय योजनाहरुमा धेरै पछि सम्म पनि उल्लेख गरिएको पाइदैन । सातौं योजना (सन् १९८५-१९९०) मा आएर बल्ल ६ बर्ष पुर्वको बालकको विकास सम्बन्धी कार्यक्रमहरु समावेश भएका देखिन्छ । त्यसपछिका योजनाहरुले क्रमशः बालविकास सम्बन्धी कार्यक्रमहरुलाई प्राथमिकता दिएका छन् । दशौं पञ्चवर्षिय योजना (सन् २००२-२००६) बालविकासको लागि दश वर्षे कार्ययोजना (सन् १९९२), सबैको लागि शिक्षा राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५), सबैका लागि शिक्षा मुख्य दस्तावेज (सन् २००४-२००९) हरुमा समेत बालविकास र शिक्षा सम्बन्धी योजना र कार्यक्रमहरु समाविष्ट गरिएका छन् । नेपालका त्रिबर्षिय अन्तरिम योजना (वि.सं.२०६४-२०६७) मा समेत बालविकास सम्बन्धी व्यवस्था उल्लेख छ ।

प्रारम्भिक उमेर समूहका बालबालिकाको पहुँच बृद्धि गर्ने विद्यालयमा पनि एक वर्षे पुर्व प्राथमिक शिक्षा कार्यक्रम संचालनमा व्यापकता ल्याइने छ । पछाडि पारिका जनजाति, महिला, दलित, मधेशी, लोपोन्मुख जातिहरु अवस्थित क्षेत्र पहिचान गरि समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रलाई एकिकृत कार्यक्रममा समायोजन गरि कार्यान्वयन गर्न विशेष व्यवस्था गरिएको छ ।

सामुदायिक बालविकासको सञ्चालनको मुख्य जिम्मा स्थानीय निकायमा रहेको छ । स्थानीय निकायले विभिन्न सरकारी तथा गैर सरकारी निकायको सहयोगमा स्थानीय तहका संघ संस्थाहरु जस्तै आमा समूह, युवा समूह, उपभोक्त समूह, बचत समूह आदीलाई परिचालन गरिएको छ ।, (नेपाल सरकार त्रिबर्षिय अन्तरिम योजना वि.सं. २०६४-२०६७, पृष्ठ २६१) ।

खास गरि दुर्गम ग्रामिण इलाकामा बस्ने सुविधा विहिन बालबालिकाहरुको लागि प्रारम्भिक बालविकास कार्यक्रमको आवयकता महशुस गरी हालसम्म तयार गरिएका योजनाहरुले प्रारम्भिक बालविकासको आवश्यकता सम्बोधन गरेका छन् ।

सन् १९९१ देखि नै शिक्षा मन्त्रालयले बालबालिकाहरुको जीवन विकास र संरक्षणको लागि उनीहरुको अधिकारमा आधारित पद्धतिलाई प्रोत्साहन गरिरहेको छ (शिक्षा विभाग, नेपाल प्रारम्भिक बालविकास सम्बन्धी रणनीतिक पत्र, २०६१) ।

प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमका लागि नीतिनियम निर्देशन गर्न शिक्षा मन्त्रालयका सचिवको अध्यक्षतामा प्रारम्भिक बालशिक्षा विकास परिषदको गठन भएको छ । कन्द्रिय तहमा अन्तर मन्त्रालय तथा अन्तर निकाय बीच सबै प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमहरुमा समन्वय गर्नका लागि राष्ट्रिय योजना आयोगले एउटा समन्वय समिति निर्माण गरेको छ । जिल्ला विकास समिति अन्तर्गत प्रारम्भिक बालशिक्षा तथा विकास समितिको व्यवस्था गरिएको छ (शिक्षा मन्त्रालय, विद्यालय क्षेत्र सुधार योजना, २०६६-२०७२) । बालकको प्रारम्भिक उमेरमा समस्या सामाधान गर्ने स्नायुको विकास भएन भने उसको भविष्यमा समस्या सामाधान गर्नसक्ने क्षमता न्यून हुन्छ ( युनिसेफ, World children Report, 2001)।

सन् २००० मा डकार सम्मेलनबाट स्वीकृत कार्यक्रम अनुसार सबैको लागि शिक्षा (EFA) कुल लक्ष्य प्राप्त गर्न सबैको लागि शिक्षा राष्ट्रिय कार्ययोजना ( सन् २००१-२०१५) र सबैको लागि शिक्षा (सन्२००४-२००९) मार्फत सघन प्रारम्भिक बालस्यहार तथा शिक्षाको विस्तार सुधारमा जोड दिइएको छ ।

बालबालिकाहरुको शारिरीक, बौद्धिक, सामाजिक, भाषिक र संवेगात्मक विकासमा टेवा पुर्‍याउन बालविकास केन्द्रहरुले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । बालबालिकाहरुको चौतर्फी विकासमा नियमित सहयोग गर्ने उद्देश्यले बालबालिकाको उमेर सुहाउँदो विभिन्न सिकाई सामग्रीहरुको व्यवस्था गरी नियमि रुपले खेल्ने, गाउने, अभ्यास गर्ने, सुत्ने, नयाँ नयाँ काम कुरा गर्ने, अनुभव छलफल गर्ने, नयाँ नयाँ काम अन्वेषण गर्ने, अनुभव गर्ने र सिक्ने अवसर प्रदान गर्ने उद्देश्यले सञ्चालन गरेको बालबालिकाको चौतर्फी विकास गर्ने थलोलाई बालविकास केन्द्र भन्न सकिन्छ । बालविकासकेन्द्रमा बालबालिकाहरुलाई आफनो हातखुट्टा, पाखुरा, मांशपेसी, मस्तिष्क र आँखा, कान, नाक, हात, मुख, दाँत तथा औलाहरुलाई समन्वयात्क ढंगमा संचालन गर्ने वातावरण प्रदान गरी बालबालिकाहरुलाई नयाँ अनुभव गर्न, सिक्न, बुझ्न, जान्न र अन्वेषण गर्न सक्षम बनाइन्छ ।

बालविकास केन्द्र बालबालिकाहरुलाई निश्चित समयसम्म दैनिक रुपमा सहभागि गराई उनीहरुको चौतर्फी विकास, बृद्धि र अधिकारलाई सुनिश्चित गर्ने एउटा थलो हो । बालविकासकेन्द्रमा बालबालिकाहरुलाई खेल्ने, नाच्ने, गाउने, कथा सुनाइने, छलफलगर्ने, विभिन्न अनुभव बाताउने, अन्वेषण, खोजी, समस्या सामाधान गर्नृ लगाउने, गन्ति अंक, अक्षर, लेखाई सम्बन्धी अवधारणा विकास गर्ने जस्ता क्रियाकलापको साथै स्वास्थ्य, पोषण, सरसफाई सेवालाई

एकिकृत गरी बालबालिकाको चौतर्फी विकास गर्न र उनीहरुको अधिकार सुनिश्चित गर्न सहयोग पुरयाउने गर्छ ।

बालविकास केन्द्रमा बालबालिकाहरुले भविष्यमा जान्नु र सिक्नुपर्ने धेरै काम कुराहरुलाई खेल, खेलौना, बालगित, कथा, कुराकानी, अवलोकन, चित्र अवलोकन, पुर्व साक्षरता, पुर्व लेखन अभ्यास, नाटक अभिनय जस्ता विभिन्न क्रियाकलापको माध्यमबाट विभिन्न विषयहरुमा अवधारणाहरु स्पष्ट गरिन्छ । सानै उमेरमा अवधारणा स्पष्ट भएमा बालबालिकाले पछि विद्यालयमा सिकाउने कुनै पनि विषयलाई राम्रो बुझ्न सक्दछ । यो एउटा औपचारिक शिक्षा तथा विद्यालयको निम्ति तयार गर्ने थलो हो । यस्तो साधारण तथा ग्रामिण क्षेत्रमा बालबालिकाको घरबाट केवल दश मिनेटको दुरीमा स्थापना भएमा समुदायका बालबालिकाको बढी पहुँच हुन सक्दछ । विकासकेन्द्र प्रारम्भिक बाल्यवस्थाको विकास सम्बन्धी अधिकार सुनिश्चित गर्ने एउटा बलियो माध्यम हो ।

नेपालमा प्रारम्भिक बालविकास कार्यक्रम विशेष गरी पाँचवर्ष सम्मका बालबालिकाहरुलाई केन्द्रित गरी विभिन्न निकायहरुले विभिन्न कार्यक्रमहरु संचालन गरिरहेको पाइन्छ । नेपालमा प्रारम्भिक बालविकास कार्यक्रम सरकारी, गैर सरकारी संस्थाहरु र नीजी विद्यालयहरुले विभिन्न नामहरुबाट बालविकास केन्द्रहरु संचालन गरेको पाइन्छ । जस्तै : किन्डन गार्डेन, पूर्व प्राथमिक शिक्षा, प्ले ग्रुप, नर्सरी आदी ।

शिक्षा विभागले प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत बालविकास केन्द्र एउटा प्रमुख कार्यक्रमको रुपमा संचालन गरिदै आएको छ । शिक्षा विभागले तीन वर्षदेखि पाँचवर्ष सम्मका बालबालिकाहरुलाई लक्षित गरी उनीहरुको

सिकाइ क्षमता विकास गरी कक्षा एकको निम्ति आवश्यक तयारी गर्न उद्देश्य अनुरुप बालविकास केन्द्रहरु संचालन गरेको छ ।

बालबालिकाको उमेर अनुसार चौतर्फी विकास, सिकाई क्षमता विकासको साथै कक्षा एकमा  विद्यालयमा भर्ना हुन तयारी गर्ने अभिप्रायले समुदायका प्रतिनिधिहरु आफैले समुदायमा नै संचालन गरेको केन्द्रलाई समदुायमा आधारित बालविकास केन्द्र भनिन्छ । यसप्रकारको केन्द्रमा  तीन र चार वर्ष उमेर पुगीसकेका दुई उमेर समूहका  बालबालिकाहरुलाई एउटा स्थानमा बसेर सिक्ने वातावरण बनाइन्छ । यस्तो केन्द्र संचालन गर्न एउटा सहजकर्ताको व्यवस्था गरिएको छ ।

यस प्रकारको केन्द्र प्राथमिक विद्यालय भन्दा १० देखि १५ मिनेट टाढा स्थापना गरेको हुनुपर्छ । विशेषगरि यसप्रकारको  बालविकास केन्द्रले तीन र चार वर्ष उमेर पुगेका ग्रामिण क्षेत्रका सबै बालबालिकाहरुको बालविकास गर्ने अधिकारलाई सुनिश्चित गर्ने लक्ष्य लिएको छ । यस्तो केन्द्रमा प्रत्येक वर्ष नयाँ तीन वर्ष उमेर पुगेका बच्चा भर्ना लिने र पाँच वर्ष  उमेर पुगेका बालबालिकालाई विद्यालयको कक्षा एकमा भर्ना गर्ने गर्नु पर्छ । यो केन्द्र हप्ताको ६ दिन कम्तिमा  चार घण्टा संचालन गरिन्छ । यस्तो बालविकास केन्द्रको संचालन गर्न स्थानीय स्तरमा समुदायको सक्रियतामा एउटा बालविकास समिति गठन गर्नु पर्ने प्रावधान शिक्षा विभागको प्रारम्भिक बालविकास केन्द्र कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लेख गरिएको छ ।

पूर्व प्राथमिक कक्षा चार वर्ष उमेर पुगेका बालबालिकाहरुको निम्ती प्राथमिक विद्यालयमा छुट्टै एउटा कार्यक्रमको रुपमा संचालन गर्ने एउटा प्रारम्भिक बालविकास कार्यक्रम हो । पूर्व प्राथमिक कक्षामा चार वर्ष उमेर पुगेका करिब १०-१५ मिनेटको दुरीमा बसोबास गरेका बालबालिकाहरु मात्र समावेश गरिन्छ

। पाँच वर्ष उमेर पुगेपछि कक्षा १ मा ती बालबालिकाहरुलाई भर्ना गर्नुपर्दछ । एउटा विद्यालयमा एउटा पूर्व प्राथमिक कक्षामा बढीमा २५ जना सम्म मात्र बालबालिका राखिएको हुनुपर्छ । पूर्व प्राथमिक कक्षाको लागि विद्यालय भित्र छुट्टै एउटा कक्षाकोठा र एकजना छुट्टै तालिम प्राप्त सहजकर्ताको व्यवस्था गरी चार घण्टासम्म बालबालिकाको स्तर सुहाउँदो क्रियाकलापद्वारा बालबालिकाको चौतर्फी विकास र कक्षा १ को निम्ति तयारी गरिन्छ । यो पूर्व प्राथमिक कक्षा विद्यालय व्यवस्थापन समिति अन्तर्गत छुट्टै पूर्व प्राथमिक कक्षा संचालन समिति गठन गर्नुपर्छ । पूर्व प्राथमिक कक्षामा कक्षा १ का विद्यार्थीलाई समावेश गर्न मिल्दैन । पूर्व प्राथमिक कक्षा संचालन गर्न विद्यालयले आवश्यक सम्पूर्ण भौतिक पूर्वाधार तयार गर्नुपर्छ ।

शिक्षा विकास सम्बन्धी नेपाल सरकारले विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) मा विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) ले पनि प्रारम्भिक बालविकास शिक्षाबाट कक्षा १ मा भर्नाहुने बच्चाहरुको लक्ष्य (सन् २०१५/१६) SSRP को अन्तिम वर्षमा ८० प्रतिशत लक्ष्य राखेको छ । हाल समुदाय तथा विद्यालयमा आधारित गरि मुलुकमा २४,७७३ बालविकास केन्द्र संचालित छन् जसमध्ये १२,८८३ समुदायमा आधारित छन् । यसका अतिरिक्त नेपालमा प्रारम्भिक बालशिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको विस्तार र सेवा प्रवाह गर्न संस्थागत विद्यालयहरुको योगदान महत्वपूर्ण रहेको छ ।

मुलुकभर संचालनभएको प्रारम्भिक बालशिक्षालाई अगाडि बढाउन विभिन्न संघ संस्थाहरुले महत्वपूर्ण भूमिका खेलेका छन् । UNICEF, Save the children, Norvey Plan Nepal, World Vision, Seto Guras जस्ता गैरसरकारी संस्थाहरु मुख्य हुन । त्यसरी नै स्थानी स्तरमा विभिन्न संघ संस्थाहरुले यही बालविकास शिक्षाको उन्नतिमा महत्वपूर्ण भूमिका खेलेका छन् ।

नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग, प्रारम्भिक बालविकास शाखा, CERID आदीले प्रारम्भिक बालविकास सम्बन्धी विभिन्न तालिम सेमिनार, खोज अनुसन्धान र विकासमुलक कार्यक्रमहरु संचालन र परिक्षण गर्दै आइरहेका छन् । बालबालिकालाई विद्यालय जाने वातावरण र उनीहरुको समग्रताको विकासकालागि प्रारम्भिक बालशिक्षा कार्यक्रमहरुको उच्च महत्व रहेको परिवेशमा बालबालिकाको सर्वाङ्गिण विकास गर्नेहेतु स्थापना गरिएको बालविकासकेन्द्रको लोकप्रियता दिनानुदिन बढ्दो रहेको छ । यसरी संचालन गरिएको बालविकास केन्द्र र समग्र प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमले बालबालिकाको सामाजिक व्यवहारमा पारेको प्रभावको अध्ययन हुनु जरुरी छ । हाम्रो देशको सन्दर्भमा बालशिक्षाका विविध पक्षमा अनुसन्धान भएपनि बालविकास शिक्षा हाँसिल गरेका बालबालिकाह्वरुको सामाजिकरणमा पारेका प्रभावका बारेमा अध्ययन भएको पाइदैन । यो विषय सबै नागरिक समाजमा चासोको विषय बनेको छ । यसै परिवेशलाई आत्मसात गरि बालबालिकाको शिक्षणमा बाल विकास केन्द्रको महत्वको बारेमा स्पष्ट पार्ने आवश्यकता ठानी यो अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

प्रारम्भिक बालविकास कार्यक्रम सरकारी तथा गैर सरकारी स्तरबाट बृहतरुपमा संचालन भइरहेको कार्यक्रम हो । दशौ योजनाको अन्त्य सम्ममा तेह्र हजार बालविकास केन्द्र संचालन गर्ने सरकारी लक्ष्य रहेकोमा अन्तरिम त्रिवर्षिय योजनाले थप नौ हजार नयाँ बालविकास केन्द्रहरु खोल्ने लक्ष्य राखेको छ । यसैगरि सबैका लागि शिक्षा कार्यक्रमले सन् २०१५ सम्ममा ७४ हजार बालविकास केन्द्र संचालन गर्ने लक्ष्य राखेको छ । उल्लेखित लक्ष्य प्राप्तिका लागि विभिन्न कार्यक्रम, नीति र रणनीतिको तर्जुमा गरिएको छ । यस्ता

लक्ष्यहरु सम्बोधन गर्ने खालका कार्यक्रमहरु  तय गरि सरकारी तथा गैरसरकारी संस्थाहरु लागि रहेका छन् । सो कार्यक्रमलाई अगामी दिनमा अझ सशक्त र बृहतरुपमा बढाउदै लैजाने लक्ष्य रहेको देखिन्छ । प्रारम्भिक बालविकास कार्यक्रमबाट बालबालिकाको चौतर्फी विकास सुनिश्चित गर्न सरकारी र गैरसरकारी दुवै क्षेत्रबाट लगानी बढाएको छ । यसको विकासको लागि अनेकौ प्रवर्दनात्मक कार्यक्रमहरु भइरहेका छन् । कार्यक्रमहरु केन्द्रिय तहमा तय हुने गरेका छन् । त्यसैले यस्ता कार्यक्रमहरुको बारेमा आम जनमानसमा सञ्चार प्रभावकारी हुन सकेको छैन । बालशिक्षा कार्यक्रम संचालन भएका स्थानका बालबालिकाहरुलाई सामाजिकरणमा कस्तो प्रभाव परेको छ ? लगानी अनुरुपको प्रतिफल प्राप्त भइरहेको छ छैन ? बालविकास शिक्षा हासिल गरेका बालबालिकामा सामाजिक व्यवहार, विकास र सिकाइमा अपेक्षा अनुकूलको सुधार भए नभएको कुरा अध्ययनको विषयवस्तु बन्नुपर्ने आवश्यकता छ । समुदायमा आधारित बालविकास केन्द्रहरुको प्रभावकारीता कस्तो छ ? यस्ता आवश्यकताको आधारमा यस अध्ययनलाई केन्द्रित गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा विकासको पुर्वाधार तथा दिगो विकासको आधार हो । देशको विकासमा शैक्षिक जागरणले महत्वपूर्ण भूमिका खेलेको छ । राष्ट्रको शैक्षिक स्तर उकास्न औपचारिक तथा अनौपचारिक शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । बालविकासको सर्वाङ्गिण विकासका लागि प्रारम्भिक बालशिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । हालको परिवेशमा प्रारम्भिक बाल शिक्षाको विकास र विस्तारका लागि सरकारी तथा गैरसरकारी तहबाट प्रशस्त लगानी गरिएको छ । यति हुदाहुदै पनि यस क्षेत्रमा पर्याप्त समुदायिक सहभागिता जुटाउन नसकिएको, समुदायको आवश्यकता सँग तालमेल गर्न नसकिएको, कार्यक्रमको

वास्तविकताको बारेमा स्पष्ट हुन नसकेको, कार्यक्रमले अपेक्षित प्रतिफल दिई समाजमा विभिन्न छाप जोड्न नसकेको गुनासाहरु जनमानमा रहेका छन् । जे भए पनि बालविकास शिक्षा कार्यक्रम संचालन भएको स्थानमा बालबालिकाहरुमा यस कार्यक्रमले साकारात्मक प्रभाव पारेको छ ।

कार्यक्रमहरु संचालन भएका स्थानका बालबालिकाहरुमा भएका कमि, अभिभावक तथा शिक्षकहरुको कमि कमजोरी कस्ता छन् ? उनीहरुले प्रारम्भिक बालशिक्षा हासिल गरिसकेपछि आफ्नो समाजीकरणमा कस्तो सहयोग प्राप्त गरेका छन् ? समुदायमा आधारित बालविकास केन्द्रको प्रभावकारीता कस्तो छ ? आदि कुराहरुको अध्ययन एक त भएकै छैन भएको भए पनि ज्यादै न्यून मात्रामा भएको छ र यसको बास्तविकता जनमानसमा आउन सकेको छैन । यस्ता कारणहरुको खोजी गरी समस्त अभिभावक, योजनाकार, शिक्षासेवी, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु र सबै सरोकारवालहरुको बीचमा सम्प्रेषण गर्नुपर्ने आवश्यकता महशुस गरी यो अध्ययन केन्द्रित गरिएको छ । यसबारे प्राप्त हुने निष्कर्षले अगामि दिनमा प्रारम्भिक बालविकास सम्बन्धी तय हुने कार्यक्रमका लागि सरोकारवालाहरु शैक्षिक योजनाकार, नीतिनियमकर्ता सबैलाई सहयोग प्रदान गर्ने विश्वास लिइएको छ ।

## १.४ अध्ययनका उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार छन् :

१. वालवालिकाको शिक्षणमा वालविकास केन्द्रको योगदानका अवस्था पहिचान गर्ने ।

२. वालवालिकाको शिक्षणमा वालविकास केन्द्रको योगदानमा प्रभावपार्ने तत्वहरु खोजी गर्ने ।

३. वालवालिकाको शिक्षणमा वालविकास केन्द्रको योगदानमा देखापरेका समस्याहरु पत्ता लगाउने ।

४. वालवालिकाको शिक्षणमा देखापरेका समस्या समाधानका उपायहरु खोजी गर्ने ।

## १.५ अनुसन्धान प्रश्नहरु

यो अध्ययनको लागी निम्न अनुसन्धानातमक प्रश्नहरुलाई अगाडी बढाइएको छ ।

१) समुदायमा आधारित तथा विद्यालयमा संचालित बालविकास शिक्षा हासिल गरेका बालबालिकाहरुको परिवारिक, छरछिमेक, साथीभाइ सहपाठी सँगको सामाजिक व्यवहार कस्तो छ ।

२) समुदायमा आधारित तथा विद्यालयमा संचालित बालविकास केन्द्रहरुको शौक्षिक व्यवस्थाको तुल्नात्मक अवस्था कस्तो छ ।

३) समुदायमा आधारित तथा विद्यालयमा संचालित बालविकास शिक्षा हासिल गरेका बालबालिकाहरुको बीचमा सामाजिक व्यवहारमा के फरक छ ।

४) समुदायमा आधारित तथा विद्यालयमा संचालित बालविकास शिक्षा हासिल गरेका बालबालिकाहरुको विद्यालयमा भर्ना भएपछिको नियमितता कस्तो छ ।

५) समुदायमा आधारित बालविकास केन्द्रको समस्याहरु के के हुन् ।

६) समुदायमा आधारित बालविकास केन्द्रहरुमा देखापरेका समस्याहरु सामाधानका उपायहरु के के हुन् ।

## १.६ अध्ययनको परिसिमा

यो अध्ययन सिरहा जिल्लाको न.पा सिरहामा सञ्चालित समुदायमा आधारित तथा विद्यालयमा संचालित बालविकास केन्द्रहरुको स्रोतकेन्द्र अगुवा स्रोतकेन्द्र केन्द्रित भएर अध्ययन गरिएको छ ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

अध्ययन अनुसन्धान कार्य कुनै पनि क्षेत्रमा देखिएका विद्यमान समस्याहरुलाई सामाधान गर्ने उद्देश्यले गरिएको हुन्छ । त्यस सँग सम्बन्धीत अध्ययनहरु पहिले देखि नै अनुसन्धान भएको हुनसक्छ । त्यही अध्ययन सँग सम्बन्धित विभिन्न अनुसन्धानात्मक लेख, रचना, अध्ययन प्रतिवेदन, प्रकाशन तथा शोध कार्य हुनसक्छ । जसको अध्ययनबाट आफ्नो अध्ययनलाई सहज पार्न सकिन्छ । यस शोध पत्रको शीर्षक **बालबालिकाको शिक्षणमा बाल विकास केन्द्रको महत्व** अध्ययनलाई प्रभावकारी र वस्तुपरक शोध शीर्षक सँग सम्बन्धित पूर्व साहित्य अध्ययन गरी यस अनुसन्धानलाई पुरा गर्न सहयोग लिइएको छ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अनुसन्धान अनवरत चलिरहने प्रक्रिया हो तर आफ्नो अध्ययन क्षेत्रमा मिल्दो किसिमको पूर्ववत् गरिएका अध्ययन अनुसन्धान निष्कर्षहरुलाई अध्ययन गर्नुपर्ने हुँदा निम्न लेख तथा प्रतिवेदनका अध्ययन र पुनरावलोकन गरिएको छ ।

उपाध्याय (२०५९) का अनुसार आर्थिक विकासका दृष्टिकोणले शिक्षाको विस्तार अपरिहार्य छ । शिक्षा सामाजिक पुर्वाधार निमार्ण गर्ने प्रमुख साधन हो । त्यसैले शिक्षा क्षेत्रमा सरकारी लगानी शुरु भए तापनि राष्ट्रिय शिक्षा पद्वतिको योजना वि.स.२०२८ मा शुरु भए पछि यसको प्रकृया व्यवस्थित हुन थाल्यो । तर पछि त्यसमा शिथिलता आयो ।

यस सम्वन्धमा सेरिड (२०६०) का अनुसार केलाली , जुम्ला र इलामवाट क्रमशः ४, ३८९ वटा समुदायमा आधारित बालविकास केन्द्रहरु त्यतिकै

संख्यामा प्राथमिक विधालयहरु समेत छानी गरिएको अनुसन्धानमा, समुदायमा आधारित बालविकास केन्द्रहरुको हालको व्यवस्थापनमा समुदायको संलग्नता अत्यन्त कम देखिनुका साथै बालविकास केन्द्रका व्यवस्थापन समितिहरु इलाम र केलालीका बालविकास केन्द्र वाहेक अधिकांश निष्कृय रहेको देखाइएको छ । विभिन्न बालविकास केन्द्रहरुमा सहजकर्ताहरु आ-आफ्नो किसिमले नियूक्ति गर्ने , तर उनिहरुको कार्य भने त्यसले कुनै अन्तर ल्याएको छैन । समुदायमा आधारित बालविकासका आफनो जग्गा , भवन , खेल मैदान र नियमित आम्दानीका स्रोतहरु नरहेको देखिन्छ । स्थानीय समुदायको बढी सक्रियताको साथै जिल्लामा एउटा बालविकास बोर्ड व्यवस्था हुनु पर्ने सुझाव दिइएको देखिन्छ ।

उल्लेखित अध्ययन अनुसन्धानवाट स्थानीय समुदायको सहभागीतालाई विषेश जोड दिइएको छ । बालविकास केन्द्रहरुको लागी भौतिक , आर्थिक तथा शैक्षिक विकासका लागी व्यवस्थापन समितिको गठन प्रकृया प्राम्भिक बालविकास सञ्चालन सम्वन्धि निर्देशिका ( २०६१) ले गरेको व्यवस्था अनुसार व्यवस्थापन समितिका पदाधिकारीहरुको छनौट गर्न पाउन व्यवस्था भए पश्चात आजका दिनमा बालविकास केन्द्र प्रति व्यक्तिहरु निष्कृय रहेको ठहर गरेको छ । साथै , बालविकास केन्द्रहरुमा आर्थिक लगानी न्यून रहेकोले बालविकास केन्द्रको शैक्षिक अवस्था दिनानुदिन खसकिदै गईरहेको छ भने अनुसन्धानले निष्कर्ष निकालिएको छ ।

बालविकास केन्द्रकै सेरोफेरोमा , सेरिड (२०६१) अनुसार कुनै बालवालिका वालविकास केन्द्रमा कति वर्ष जानु पदर्छ भन्ने सन्दर्भमा प्रारम्भिक बाल्यावस्था विकास सम्वन्धि नेपाल सरकारद्वारा प्रकाशित दस्तावेजहरु फरक फरक कुराको उल्लेख भएको पाइन्छ । नेपाल सरकारको निति अनुसार बालविकास केन्द्रहरु समुदायमा छुट्टै खोल्न सकिन्छ र विधालयमा पनि खोल्न सकिन्छ । शिक्षा विभाग र प्लान नेपालद्वारा सञ्चालित बालविकास केन्द्रमा यिनै निकायद्वारा

विकास गरिउका पाठ्यक्रम प्रयोग गरेको पाइन्छ भने अन्य निकायहरुद्वारा ( जस्तै युनिसेफ , सेभ द चिल्ड्रन आदि ) मा आफनै पाठ्यक्रम नभएकाले ती निकायहरु सञ्चालित बालविकास केन्द्रहरुमा सहजकर्ताहरुले निर्देशिकाकै आधारमा आफना सामग्री र क्रियाकलापहरु सञ्चालन गर्दै आएको पाइन्छ । शिक्षा विभाग र दातृ निकायवाट सञ्चालित बालविकास केन्द्रहरुमा जोड कोष संकलन गर्ने उपायहरु दिगोपनाको दृष्टिकोणले उपयूक्त देखिन्छ । यस्ता बालविकास केन्द्रहरुले गा.वि.स. ⁄ नगारपालिका , समुदायमा आधारित संस्थाहरु तथा अभिभावकहरुवाट प्राप्त नियमित आर्थिक सहयोगवाट जोडकोषको व्यवस्था गरिएको पाइन्छ । यसरी जोडकोष परिचालनवाट आएको आम्दानीवाट केही केन्द्रका सहजकर्ताहरुलाई थप पारिश्रमिक दिइएको पाइन्छ ।

उल्लेखित अध्ययन अनुसन्धानवाट बालविकास केन्द्रमा अध्ययन गर्ने बालवालीका उमेर स्पष्ट र्निधारण गर्नु पर्ने , हालको पाठ्यक्रम सुधार गरी एउटा प्रारम्भिक बालविकास राष्ट्रिय पाठ्यक्रम निमार्ण गर्नु पर्ने , समुदायको सहभागितामा जोड दिनुपर्ने , विभिन्न श्रोतहरुवाट आर्थिक सहयोग जुटाई बालविकास केन्द्रलाई आर्थिक रुपले दिगो वनाउनु पदर्छ भने यस अनुसन्धानले निष्कर्ष निकालेको छ । यसै गरी कुवंर ( २०६२) ले नेपाल सरकारको वितिय लगानी सम्वन्धि निति दुरगामी छैन । शिक्षा क्षेत्रमा छुट्याइएको वजेट अन्य क्षेत्रको भन्दा प्राथमिकताको कममा पछाडि परेको पाईन्छ । विधालयको आय सवै जसो शिक्षक तलव भतामा नै खर्च हुने , भौतिक निमार्ण र अन्य प्रशासनिक कार्यमा निकै कम रहेको छ । विधालयको आर्थिक अवस्था ज्यादै कमजोर भएको कारणले शिक्षाको गुणस्तर बृद्घि हुन सकिरहेको छैन । निजी संस्थागत विधालयहरुमा आन्तरीक कुशलता र वाह्य प्रभावकारितामा कमि रहेको पाइन्छ भनी आपनो शोधपत्र " अछाम जिल्लामा प्राथमिक विधालयहरुको वितीय स्थितिले शिक्षण सिकाइ उपलव्धिमा पारेको प्रभाव " शीर्षकमा प्रस्तुत गर्नु भएको छ ।

शैक्षिक लगानी वढाउनु जरुरी देखिन्छ । तलव भता बाहेक भौतिक निमार्णको लागी पनि बजेट छुट्याउनु पर्ने आवश्यक देखिन्छ । शिक्षाको गुणस्तर बृद्धि गर्नुपर्छ । निजि संस्थागत विधालयहरुको आन्तरिक कुशलता र वाह्य प्रभावकारिता वढाउनु पर्छ । यसरी यी दुवै बीच अन्यान्याश्रित सम्वन्ध छ ।

खनाल (२०६२) का अनुसार शिक्षा प्राप्त गरेपछि सामाजिक लाभ र व्यक्तिगत लाभ दुवै समानुपातिक रुपमा प्राप्त हुन्छ वा घटवढ हुन्छ । युग प्रतिस्पर्धी र उपभोगतामुखी भएकाले उपभोक्ताले वस्तु उपभोग गरेपछि उचित मुल्य चुकाउनु पदर्छ । अर्थात , शिक्षामा निजी लगानी हुनु पदर्छ । शिक्षाले सामाजिक लाभ पनि दिने हुनाले नागरिकको उत्पादकत्व बढाउन राज्यले शिक्षामा लगानी गर्नु पदर्छ । अतः शिक्षा खर्चलाई राज्यको दायरा भित्र समेट्नु पदर्छ ।

गुणस्तरको सम्वन्धमा काफ्ले , वासुदेव एवम् अन्य (२०६२) को भनाईमा गरणात्मक शिक्षा आजको सवै भन्दा ठुलो माग हो । व्यक्तिको सन्तुष्टि , सामाजिक उन्नयन , शैक्षिक प्रणालीको प्रभावकारिता र सिकाईको उपलव्धि स्तरलाई एकै साथँ राखेर शिक्षामा गुणात्मकताको स्थापना ग्रहण गर्न सकिन्छ । सिकाईको संसारवाट काम संसारमा स्थापीत हुन गुणात्मक शिक्षाको ठुलो पहिचान हो । वर्तमान सन्दर्भमा , समाजिक समावेशिकता , लक्षित वर्गमा लाभको प्रत्याभुति , विधालय वसाइमा स्थिरता र दिगोपना न्यूनतम शैक्षिक क्षति , लैङ्गिक मैत्री र सीमान्तः परिवार मैत्री शैक्षिक प्रावधान , श्रोतको न्यायीक बाडँफाँड र उपयोग पाठय्क्रममा जीवन सिपहरुको पर्याप्त प्रावधान र अपेक्षित उपलव्धि र प्राप्त सफलता वीचको निकटतम सम्वन्ध आदि महत्वपुर्ण विषयहरुलाई नै गुणात्मक शिक्षाका महत्वपुर्ण अवयवको रुपमा मानिन्छ ( काफ्ले , वासुदेव एवम् अन्य , २०६२) ।

गुणस्तरीय शिक्षा आजको आवश्यक्ता हो । शिक्षामा उचित व्यवस्थापनको कमी रहेको छ । लैङ्गिक विभेदका कारण महिलाहरुको शिक्षामा कम सहभागीता छ । अल्पसंख्यक व्यक्तिहरुका बालवालिकाहरुको लागी पनि मातृभाषामा प्राथमिक शिक्षा लागु गर्नु पर्छ । शिक्षामा समानता र समता ल्याउनु पर्छ । तसर्थ यी दुवैबीच सुमधुर सम्वन्ध छ ।

शिक्षाको सन्दर्भमा , सिन्हा (२०६२) का अनुसार शिक्षा दान होइन अधिकार हो । महिला होस् वा पुरुष होस् शिक्षा पाउनु नैसर्गिक अधिकार हो । सुविधा विहीन र सेवा विहीन अल्पसंख्यक ब्यक्तिहरुलाई राष्ट्रिय मुलधारमा समाहित गर्नुपर्छ । शिक्षाको अवसरवाट बन्चित सवैलाई शैक्षिक मुल प्रवाहीकरणमा ल्याउनकालागी विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन भएता पनि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा वितीय पहुँच , गुणस्तर , भाषा , संस्कृति आदी सम्वन्धि समस्याहरु , मुद्दाहरु इत्यादि विधमान रहेका छन् । शैक्षिक मुल प्रवाहीकरणकालागी सामाजिक न्याय , समाहीकरण तथा शैक्षिक न्याय जस्ता विषयहरु सम्वैधानिक एवम् कानुनी दस्तावेजमा मात्र सीमित नराखी यसलाई व्यवहारमा चरितार्थ गर्नु अपरिहार्य छ ।

शिक्षा क्षेत्रमा आवश्यक साधन स्रोतहरु कसरी जुटाउने तथा तिनीहरुको उचित एवम् प्रभावकारी वाडँफाँड कसरी गर्ने जस्ता विधि पक्षहरु शैक्षिक अर्थशास्त्रको विषय भित्र समेट्नु पर्ने हुदाँ यसले निम्न लिखित क्षेत्रहरुको शैक्षिक आर्थिक र सामाजिक विश्लेषण गदर्छ । शिक्षाका खर्च कसले जुटाउने ? समाजवाट कस्तो अपेक्षा राख्ने ? कसरी सस्ता शिक्षा दिने ? क-कसलाई के कति शिक्षा दिने ? समाजिक संरचना , भौगोलिक अवस्था र प्राकृतिक सम्पदाका आधारमा शिक्षाको लगानीलाई कसरी प्रभावकारी बनाउने ? सामाजिक न्यायको सिधान्त र सामाजिक लाभको सिद्वान्त अनुरुप शिक्षा खर्चवाट प्राप्त गरिएको लाभमा सबैको समान पहुँच र अवसर कसरी सुनिश्चित गर्न ? स्रोतलाई उद्देश्यमुलक कसरी वनाउने ? स्रोतलाई सिधैं लक्षित वर्गामा पु-याउन के कस्ता लगानीका

निती अवलम्वन गर्ने ? शिक्षा खर्चलाई परिणामसगँ कसरी मिलान गर्ने ? शैक्षिक लगानीका क्षेत्रहरुमा माथी उठाइएका बुदाँहरुको वारैमा व्यापक छलफल एवम् विश्लेषण हुन सकेमा मात्र अन्तिम निचोढमा पुग्न सकिन्छ भनी आफ्नो पुस्तक शैक्षिक अनुसन्धान पद्वति मा उल्लेख गर्नु भएको छ, (खनाल, २०६३)।

लक्षित समूहको लागि विशेष प्रोत्साहन र सहयोगको व्यवस्था योजनामा भएपनि कार्यान्वयन हुन नसकेको देखिन्छ । विद्यालयमा संचालित बालविकास केन्द्र र समुदायमा संचालित बालविकास केन्द्रमा तात्विक फरक देखिन्छ । विद्यालयमा संचालित प्रायः जसो बालविकास केन्द्रहरु जिल्ला शिक्षा कार्यालयद्वारा संचालित छन् र ती मध्ये धेरै बालविकास केन्द्र भन्दा प्राथमिक तहका विद्यालय सरह छन् । अर्को तीर समुदायमा संचालित धेरैजसो बालविकास केन्द्रहरु दातृ निकायको सहयोगमा चलिरहको अवस्था छ । र तीनीहरु बालकेन्द्रित र बालमैत्री तरीकाले चलिरहेको छ । धेरै जसो बालविकास केन्द्रको गुणात्मकता न्यून हुनुको कारण एक सहयोगी कार्यकर्ताले २५ जना बालवालिका स्याहार गर्नुपर्ने, भौतिक अन्य सुविधाहरु अपर्याप्त भएको र बालशिक्षण सिकाइ सामग्रीहरुको अभाव साथै तालिमको अभाव, सहयोगी कार्यकर्ता को शैक्षिक पृष्ठभुमि र उत्प्रेरित गर्ने क्षमताको अभाव नै देखिन्छ ।

गुणस्तरको सम्वन्धमा काफ्ल, वासुदेव एवम् अन्य (२०६२) को भनाईमा गरणात्मक शिक्षा आजको सवै भन्दा ठुलो माग हो । व्यक्तिको सन्तुष्टि, सामाजिक उन्नयन, शैक्षिक प्रणालीको प्रभावकारिता र सिकाईको उपलब्धि स्तरलाई एकै साथँ राखेर शिक्षामा गुणात्मकताको स्थापना ग्रहण गर्न सकिन्छ । सिकाईको संसारवाट काम संसारमा स्थापीत हुन गुणात्मक शिक्षाको ठुलो पहिचान हो । वर्तमान सन्दर्भमा, समाजिक समावेशिकता, लक्षित वर्गमा

लाभको प्रत्याभुति, विधालय वसाइमा स्थिरता र दिगोपना न्यूनतम शैक्षिक क्षति, लैङ्गिक मैत्री र सीमान्तः परिवार मैत्री शैक्षिक प्रावधान, श्रोतको न्यायीक बाडँफाँड र उपयोग पाठय्क्रममा जीवन सिपहरुको पर्याप्त प्रावधान र अपेक्षित उपलब्धि र प्राप्त सफलता वीचको निकटतम सम्वन्ध आदि महत्वपुर्ण विषयहरुलाई नै गुणात्मक शिक्षाका महत्वपुर्ण अवयवको रुपमा मानिन्छ, ( काफ्ले, वासुदेव एवम् अन्य, २०६२) ।

समष्टिगत दृष्टिकोणले बालबालिकाहरुको सर्वाङ्गिण विकास गर्ने । स्थानीय निकायहरु, सरकारी कार्यालयहरु, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संसहरु, समुदायमा आधारितत संस्थाहरु समेतसँगको सहकार्यमा प्रारम्भिक बालविकास क्रियाकलापहरुको योजना निर्माण, कार्यक्रम तयारी र कार्यान्वयन व्यवस्था मिलाउने । जोखिममा परेका र सुविधा विहिन बालबालिकाहरुको सेवामा विशेष जोड दिदै समुदाय र विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरुको विस्तार गर्ने ।.सबैका लागि उपयुक्त हुनसक्ने साझा प्रारम्भिक बालविकास को पाठ्यक्रम ढाँचा भित्र निजी क्षेत्रबाट संचालित पुर्वप्राथमिक कक्षाहरुलाई मूलप्रवाहीकरण गर्ने ।.गुणस्तर सुधारका लागि प्रारम्भिक बालविकास कार्यक्रममा संलग्न कर्मचारीहरु र विभिन्न तहका कार्यकर्ताहरुको क्षमता अभिवृद्धि गर्ने । कार्यक्रमको अनुगमन र सुपरिवेक्षण गर्ने प्रणालीलाई सुदृढिकरण गर्ने । माथि उल्लेखित उद्देश्यहरु अनुरुप व्यवस्थापन, संचालन, प्रयोग इत्यादीहरुको अध्ययन गर्ने अभिप्राय केन्द्रित हुनुपर्ने : प्रारम्भिक बालविकास कार्यक्रमले बालविकास उमेर समूहको बालवालिकाहरुको शारिरीक, सामाजिक, मानसिक तथा संवेगात्मक विकास अन्तर्गत स्वास्थ्य, वातावरण र शिक्षालाई समेटेको हुनुपर्दछ अन्यथा प्रभावकारी हुन सक्दैन ।

आधारभूत तहमा बालबालिकाको सरल समायोजनका लागि उनीहरुलाई सम्पूर्ण (शारिरीक तथा मनोवैज्ञानिक) रुपले तयार पार्नु बालवालिका शिक्षाको प्रमुख

उद्देश्य हो । विशेषगरि बालविकास शिक्षाका अन्य उद्देश्यहरु निम्नानुसार हुनेछन् :शारिरीक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक सृजनात्मक पक्षको विकासका लागि अवसर प्रदान गर्नु ।.सफासुग्धर रहने बानी विकास गर्नु । सामाजिक मूल्य अनुरुप व्यवहार गर्ने वानीको विकास गर्नु । विद्यालयप्रति साकारात्मक धारणा र व्यवहारको विकास गर्नु । आधारभूत शिक्षाका लागि तयार गर्नु ।

बालविकास केन्द्रहरु विभिन्न भौतिक न्यूनताका बावजुद पनि संचालन भइरहेको पाइए । उपलब्ध शैक्षिक सामग्रीहरुको न्यूनताले बालविकास केन्द्रको विद्यालयको पूर्वाधारका रुपमा विकास गर्ने उद्देश्यलाई चुनौती दिइएको देखिन्छ । पाठ्यक्रमको उद्देश्य पुरा गर्न कठिनाई रहेको पाइयो । पाठ्यक्रममै बालविकास केन्द्रको अनुशरण गर्नुपर्ने तत्व भएकोले यसकै आधारमा बालबालिकाहरुको सामाजिकरणमा सहयोग पुग्नु पर्नेमा पूर्ण रुपमा सहयोगी वातावरण भएको नपाइए पनि धेरै हदसम्म सहयोगी भूमिका प्राप्त भएको अध्ययनको निष्कर्ष छ । बालविकास केन्द्रहरुमा संचालन गरिएका क्रियाकलापहरुमा बालबालिकाहरुको बौद्धिक, शारिरीक, सामाजिक र संवेगात्मक चारवटै विकासात्मक पक्षलाई समेटने प्रयास भएका छन् । यसले बालबालिकाहरुको सामाजिकरण क्षमतामा सहयोग पुगेको छ, (दहाल,२०७०) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

अनुसन्धान अनवरत रुपमा चलिरहने प्रक्रिया हो । अनुसन्धानकर्ताले आफनो अध्ययनको क्षेत्रमा पूर्ववत गरिएका अध्ययन, अनुसन्धान, निष्कर्षहरु तथा संगठित रुपमा प्रकाशन गरिएका पुस्तक, पत्रपत्रिका, लेख, रचना तथा कृत्तिहरु अध्ययन गर्नुपर्ने हुँदा त्यसको सारांशलाई आफनो अध्ययनमा उल्लेख गर्ने गर्नाले अध्ययनको क्षेत्रमा ज्ञात भएका र वर्तमान सम्मपनि अज्ञात रहेका तथा

परिक्षण न गरिएका प्रमाण वा ज्ञानहरु बारे जानकारी प्राप्त गर्न सकिन्छ । नेपाली परिवेशमा सामाजिक, आर्थिक, राजनैतिक तथा शैक्षिक एवं सांस्कृतिक पक्षहरुका अध्ययन र अनुसन्धान विदेशी तथा स्वदेशीहरुले गरेको पाइन्छ तापनि खास गरी ग्रामिण शिक्षामा केन्द्रित रहेर अनुसन्धान गरेको पाउन कठिन नै छ ।

सिद्धान्त अनुसन्धानमा आधारित हुन्छ । समाजमा घट्ने विभिन्न प्रकारका घटनाहरुलाई एक आपसमा सम्बन्धित बनाएर निकालिएको निष्कर्ष नै सिद्धान्त हो । जसले समाज परिवर्तनका नियम पत्तालगाउन मद्दत पुरयाउँछ र त्यस क्षेत्रमा विद्यमान सम्भाव्य समस्याको बारेमा सुझाव दिन्छ र नयाँ अनुसन्धानमूलक अध्ययन गर्न उत्प्रेरित गर्दछ र अनुसन्धानलाई अर्थपूर्ण बनाउँदछ । यस अध्ययनबाट उपलब्ध तथ्य विश्लेषण गर्न निम्न वैचारिक खाकाको उपयोग गरिएको छ ।

विकर्डका अनुसार हाय/स्कोप प्रेरी प्रि-स्कूल को अध्ययन मिचिगन शहरमा गर्नुभएको थियो । बालकको विद्यालयमा विद्यालय छाडने र बढी कक्षा दोहरिने कारणले गर्दा भविष्यको अध्ययन साथै उत्तम जीवनको लागि पनि धेरै असर परेको कारणबाट के प्रारम्भिक वाल्यवावस्था, के कतिको महत्व छ भन्ने वारेलाई विषय बनाई अध्ययन गरियो । उक्त अध्ययनका लागि १२३ जना निग्रो (काला) जातिका ५ वर्ष मुनिका बालबालिकाहरुलाई समावेश गरिएको थियो । यसरी १२३ जनालाई २ समूहमा बाडिएको थियो ।

यसरी दुई समूह मध्ये एक समूहलाई प्रारिम्भक बालविकासको साथै उनीहरुको अभिभावकलाई अभिभावक शिक्षा दिइयो भने अर्को समूहलाई कुनै पनि कार्यक्रम दिइएन । त्यस अध्ययनको २७ वर्ष पछि कार्यक्रम पाएको समूह र नपाएको समूहको नतिजा निम्न पाइयो ।

वर्षमा बालबालिकाको सक्रिय सहभागिता बृद्धि हुन्छ । पूर्व बाल्यावस्थाको विकास हेरी उनको भविष्यको स्थिती बताउन सकिन्छ । प्राथमिक विद्यालयमा जाँदा अरुभन्दा कार्यक्रम पाएको बालबालिकाको बढी सक्रिय सहभागिता हुन्छ । पूर्व वाल्यावस्थामा उचित स्याहार र शिक्षा पाएमा बालबालिकाको आमा बुवालाई आर्थिक भार कम हुन्छ । विद्यालयमा कक्षा छोड्ने र दोहोऱ्याउने दरमा कमि हुन्छ । भविष्यमा राम्रो काम पाई आर्थिक आम्दानी राम्रो हुन्छ ।

अनुसार पूर्ववाल्यावस्थामा बौद्धिक विकास, व्यक्तिगत विकास र सामाजिक व्यवहारमा ठूलो भूमिका खेलेको हुन्छ । यही पूर्व बाल्यावस्थामा भएको विकासले गर्दा व्यक्तिको भविष्यलाई निर्देशन गरेको हुन्छ । मानव अधिकारले मानवलाई बाँच्ने सथै पूर्ण विकास गर्ने अधिकार प्रदान गरेको हुन्छ, त्यसैले बाल अधिकारलाई बालबालिकाको हितमा लागु गर्नु सकेमा पूर्व वाल्यावस्थाको विकास हुन्छ ।

व्यक्तिको बौद्धिक तथा सामाजिक विकास भनेको भविष्यमा समाजमा घुलमिल भै समाजको हितलाई अंगाली जानु पर्ने मान्यता भन्ने बुझिन्छ । यसरी पूर्व बाल्यावस्थामा यी गुणको विकास गर्न सकेमा व्यक्ति सामाजिक प्राणी साथै नैतिकवान बन्न पुग्छ । त्यसैले विद्यालय उमेरका बालबालिका स्याहा रतथा विकास कार्यक्रमले नैतिक तथा सामाजिक विकास गराउँछ ।

पूर्ववाल्यावस्था बालबालिका स्याहार तथा विकास सम्बन्धी लगानी गर्नाले बालबालिकाको क्षमतामा वृद्धि हुनाको साथै अभिभावक तथा हेरालुले समयको सदुपयोग गरी केही कमाउन र सिक्न सक्दछ । पूर्ववाल्यावस्था हेरविचार गरिएमा विद्यालय छोडने र कक्षा दोहरिने कम हुन्छ साथै विरामीमा गरिने खर्चमा कम हुन्छ र परिवारलाई आर्थिक भार कम हुन्छ ।

पूर्व वाल्यावस्थामा विभिन्न कार्यक्रम संचालन गर्नाले सामाजिक तथा औषधि सन्तुलनको साथै लैङ्गिक भेदभाव अन्त्य हुन्छ । सामाजिक कार्यको संरक्षण भई देश विकासमा सहयोग पुग्नेछ । बालबालिकालाई पूर्ववाल्यावस्था सामाजिक कार्यमा उन्मुद गराएमा सामाजिक परिचालन प्रति असल विचारको विकास हुन्छ । कुनै पनि कार्यक्रम सफल भएमा बालबालिकाको स्वाथ्य मनस्थिति र सामाजिक विकास हुन्छ । स्वस्थ्य कार्यक्रमले स्वस्थ्य र पोषणमा सुधार ल्याउँछ, शिक्षाले विद्यालय भर्ना दरमा बृद्धि, कक्षा दोहोरयाउने दरमा कमि, कक्षा छोडने दरमा कमि यसरी पूर्व वाल्यावस्थाको प्रभावले कार्यक्रममा पनि असर पुरयाउँछ । पूर्व वाल्यावस्थाको लगानीले पारिवारिक जनसंख्यामा कमि तथा आर्थिक भारमा पनि सुधार ल्याउँछ । यदि वाल्यावस्थामा उचित स्याहार र सुसारमा राम्रो अवसर पाएको छ भने भोलि गएर देश र जनतामा पनि परिवर्तन आउन सक्छ ।

## २.३ पुनरावलोकनको उपादेयता

मानव विकासको लागि सवैभन्दा महत्वपूर्ण पक्ष शिक्षा हो । प्रत्येक बालबालिकाहरुको सर्वाङ्गिण विकास गर्नु शिक्षाको लक्ष्य हुन्छ । सामाजमा समायोजन गर्न सक्ने क्षमता शिक्षाले प्रदान गर्दछ । शिक्षा विनाको जीवन विश्वास विनाको मानव आत्मा विनाको शरिर नै हुन पुग्दछ । प्रत्येक समुदायले जीवन पर्यन्त आफना अनुभवहरु कुनै न कुनै रुपमा संतानमा हस्तान्तरण गर्न खोज्दछ, बालविकासको महत्वपूर्ण पक्ष उसको उमेर समूह हुन्छ । त्यसैले प्रत्येक समुदायमा बालबालिकाको सर्वाङ्गिण विकासलाई मध्य नजर राखी एउटा सक्षम, सवल बालबालिकाहरुको मनोभावलाई प्रतिनिधित्व गर्ने थलोको विकास गर्नु गराउनु आजको अपरिहार्य आवश्यकता बनेको छ ।

विकर्डका अनुसार प्रत्येक बालबालिकाहरुलाई बाल अधिकार अन्तर्गतका कुराहरु हामीले दिने प्रयास, प्रयत्नहरु गर्नुपर्दछ । त्यसले बालबालिकाहरुको शारिरीक, बौद्धिक, संवेगात्मक र सामाजिक विकासमा साकारात्मक योगदान पुरयाउँछ । यदि हामीले ति तत्वहरुलाई ख्याल गरेनौ भन्ने  मात्र नाकारात्मक तिर रुपान्तरित हुन्छ । प्रत्येक बालबालिकाहरु सामाजिकरणमा पहिले साकारामक तवरले प्रभाव छोडने प्रयास, प्रयत्न गर्दछ तर साकारात्मक बाटोबाट समायोजन गर्न नसकेको अवस्थामा नाकारात्मक बाटो अपनाउने/पहिल्याउने प्रयत्न गर्दछ । त्यसैले प्रत्येक बालबालिकाहरुको रुचि, आवश्यकता गति अनुसार हामीले सहयोगी वातावरण निर्माण गरयो भन्ने स्वतः बालबालिकाहरु ती तत्वहरुलाई सामान्यीकरण गरी साकारात्मक योगदान गर्न तयार हुन्छ । वर्तमान ज्ञात नभएका र परीक्षण नगरिएका कुराहरु खोज अनुसन्धान गर्नु नै अनुसन्धानको शैक्षिक उपादेयता हो ।

# परिच्छेद तीन

# अध्ययन विधि

अनुसन्धान पद्धति अनुसन्धान कार्य अघि बढाउने विधि हो । अनुसन्धानको प्रकार अनुसार तथ्यांक संकलन विधि तथा साधनहरु फरक फरक हुन्छन् । गुणात्मक तथा परिमाणात्मक के कस्तो अनुसन्धान गर्ने हो ? सो अनुसार विधिको प्रयोग  गर्नुपर्दछ । त्यसैगरी तथ्यांक  कस्तो स्रोतबाट संकलन गर्ने हो ? त्यसले पनि अध्ययन विधि छनोटमा प्रभाव पार्दछ । यस प्रकार यस अनुसन्धानका निम्ति विधि प्रविधि तथा औजारहरुको प्रयोग गरिएको छ । तथ्यांकलाई संकलन गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धानका लागि निश्चित योजनाको तथा रणनीतिको आवश्यकता पर्छ । योजना विना गरिने अनुसंधान लक्ष्य सम्म पुग्न सक्दैन । यो अध्ययन कार्य पूरा गर्न गुणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ । “कुनै अवस्था, प्रक्रिया तथा घटनाको व्याख्या विश्लेषण शाब्दिक रुपमा गरिन्छ भने त्यो गुणात्मक अध्ययन हुन्छ ।”

गुणात्मक अनुसन्धान ढाँचा विषयवस्तुलाई गहिरिएर अध्ययन गरिने र सम्बन्धित व्यक्ति, अवस्था तथा घटनासंग प्रत्यक्ष सम्पर्क हुने र प्राप्त सूचनाले यथार्थ नतिजा ल्याउने भएकोले यो अध्ययन गुणात्मक ढाँचा मा आधारित छ ।

यस अध्ययनलाई प्रभावकारी बनाउनका लागि वर्णणात्मक विधि अवलम्बन विस्तृत विवरण, अनुभव लिने छ । यसरी प्राप्त भएका तथ्याङ्कलाई गुणात्मक एवम् वर्णनात्मक ढंगले विश्लेषण गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या तथा नमूना छनोट

सिरहा जिल्ला अन्तर्गतका न.पा सिरहामा संचालित समुदायमा आधारितत बालविकास केन्द्र संख्या ६ तथा विद्यालयमा आधारित बालविकास केन्द्र १ अन्तर्गतका १ जना स्रोतव्यक्ति, प्र.अ ५ शिक्षक १० स.का ७, अभिभावक ३५, बालबालिका ३५, बुद्धिजीवी ५ जना छन् । त्यसैगरी सामान्य सम्भावनायुक्त नमुना छनोट विधिबाट बालविकास केन्द्रका अध्यक्ष ६, वि.व्य.स. का अध्यक्ष २ छनोट गरिएको छ ।

### ३.२.१ नमुना छनोटका आधारहरु

यस अध्ययनको उद्देश्य पुरा गर्न आवश्यक तथ्यांकहरु संकलन उद्देश्यपूर्ण नमुना छनोट विधिलाई आधार मानी सो का आधारमा विवरणहरु प्राप्त गर्न गहिराई सम्म पुगेर समुदायमा आधारित बालविकास केन्द्रहरुको प्रभावकारीताको समग्रताहरुको अध्ययन गरिने छ ।

## ३.३ तथ्याङ्कका स्रोतहरु

### ३.३.१ प्राथमिक स्रोत

प्राथमिक संकलनका लागि नमुना छनोटमा परेका बालविकास केन्द्रहरुको प्र.अ., शिक्षक (स.का.), बा.वि.के. अध्यक्ष, बालबालिका, अभिभावक आदि संग प्रत्यक्ष रुपमा अन्तरवार्ता, प्रश्नावली र समूह छलफल गरी सूचना संकलन गरिएको छ ।

### ३.३.२ द्वितीय स्रोत

लाइब्रेरी र इन्टरनेटबाट अनुसन्धान कार्यलाई सघाउ पुरयाउने विभिन्न पत्र पत्रिका प्रकाशित लेख रचनाहरु, अनुसन्धानात्मक अध्ययनका प्रतिवेदनहरु तथा सम्बन्धित वेवसाइटबाट प्राप्त  दस्तावेजहरुगरी सम्बन्धित सुचना र तथ्यांक संकलन गर्ने कार्य गरेको छ ।

### ३.३.३ सहायक स्रोत

यस अध्ययन अनुसन्धानका लागि विभिन्न शैक्षिक नीतिनियम र तथ्यांकहरु, प्रतिवेदन, शोधपत्र, बालविकास केन्द्र विद्यालयमा रहेका विभिन्न किसिमका रेकर्ड फाइलहरु अभिलेखबाट तथ्यांक लिएको छु ।

## ३.४ तथ्याङ्क संकलनका साधन

यस अध्ययनमा नमुना छनोटमा परेका स्रोत, व्यक्ति, बालविकास व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, सहयोगी कार्यकर्ता, अभिभावक, विद्यार्थीहरुलाई बन्द प्रकृतिको लिखित रुपमा प्रश्नावली निर्माण गरी वितरण गरिएको छ । जुन बालबालिकाको विकासमा पारेको प्रभाव सम्बन्धी अध्ययन गर्ने उद्देश्यले सोधिएको छ । प्रश्नावली अनुसूची १ मा छ ।

### ३.४.१ अन्तरवार्ता सूची

अन्तरवार्ताले व्यक्ति भित्रका भावना र विचारलाई प्रष्ट रुपमा बाहिर ल्याउने काम गर्ने हुनाले, स्रोतव्यक्ति, बालविकास व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, सहयोगी कार्यकर्ता, अभिभावक, विद्यार्थी (बालविाकस) का लागि अन्तरवार्ता संचालन गर्न हरेक उत्तरदाताको निम्ति निर्देशितत प्रश्नहरु तयार गरी प्रयोगमा ल्याएको छ । अन्तरवार्ता अनुसूची १ मा छ ।

### ३.४.२ समूह छलफल

अध्ययनमा संलग्न सम्पूर्ण सरोकारवालाहरुलाई भेला गराई समूह छलफल गरिएको छ । उक्त छलफलमा बालबालिकाको विकासमा पारेको प्रभावको बारेमा सिमित गरिएको छ । छलफलमा बुद्धिजीवी, स्रोतव्यक्ति, बालविकास व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, सहयोगी कार्यकर्ता, अभिभावक तथा बालविकासहरुको लागि खुल्ला प्रश्नावली प्रयोग गरिएकोछ । जुन अनुसूची १ मा छ ।

### ३.४.३ दस्तावेज पुनरावलोकन

आवश्यक “बालबालिकाको शिक्षणमा बाल विकास केन्द्रको महत्व” तथ्यांक तथा जानकारी प्राप्त गर्ने उद्देश्यले सम्बन्धित बालविकास केन्द्रहरुको रकर्डहरु, शैक्षिक स्मारिका, विभिन्न लेख रचना, प्रतिवेदनहरु, राष्ट्रिय प्रारुप छनोट गरिएको छ । शिक्षक, स.का., बालबालिका, अभिभावक, बुद्धिजीवी समान्य सम्भावनायुक्त विधिलाई आधार मानी नमुना छनोट गरिएको छ ।

### ३.४.४ अवलोकन फारम

प्राथमिक तथ्यांकहरु संकलन गर्ने प्रमुख विधिहरु मध्ये अवलोकन पनि प्रभावकारी उपयुक्त विधि नै हो । अनुसन्धानका लागि तथ्यांक संकलन गर्ने उपकरणको रुपमा गरिने अवलोकन व्यवस्थित, सिद्धान्तपरक र यथार्थ हुन्छ । हुनत अवलोकन प्रयोगात्मक, वर्णनात्मक तथा गुणात्मक तीनै प्रकारले तथ्यांक संकलन गरिएको छ र अनुसूची १ मा संलग्न छ ।

खनाल (२०६४) अवलोकनलाई अवलोकनकर्तको आधारमा सहभागितामूलक र असहभागितामूलक परिक्षण गर्न अनुसन्धानको निष्कर्षमा पुग्न सकिन्छ (खनाल २०६४:२१) । यस अनुसन्धानमा पनि एउटा फाराम निर्माण गरी बा.वि.

केन्द्रको संचालन, प्रभावकारीतामा आइपर्ने समस्या र समस्या सामाधानको उपायहरु पत्तालगाउन शोधकर्ता स्वयं यस क्षेत्रको स्रोतव्यक्ति भएकोले विषय वस्तुको गतिविधिमा स्वयं प्रत्यक्ष संलग्न भई अवलोकनकर्ताको रुपले शोधार्थी अनियन्त्रित अवलोकन साधन प्रयोग गरिएको छ । जसले गर्दा दस्तावेज तथा शिक्षा विभागबाट प्रकाशित विद्यालयसंग सम्बन्धित तथ्यांक तथा अन्य सरकारी र गैरसरकारी संघ संस्थाहरुले प्रकाशन गरेका तथ्यांकको पुनरावलोकन गरिएको छ ।

## ३.५ तथ्याङ्क संङ्कलन प्रक्रिया

यस अध्ययनका लागि छनोट भएको जनसंख्या बैधता परिक्षण गरिएका साधनको प्रयोग गरी उल्लेखित विधिबाट प्राथमिक तथ्यांक संकलन गरिएको छ । तथ्यांक संकलनका लागि भेटघाट, छलफल, प्रश्नावली तथा त्रिकोणात्मक विधिबाट निरीक्षण सुपरिवेक्षणका साथै बालविकास केन्द्र र विद्यालय, स्रोतकेन्द्रमा भएका अभिलेख, फाइल, तथ्यांक फारामहरु, हाजिरी पुस्तिका, समय तालिका, जिल्लाको शैक्षिक स्थिती आदिको प्रयोग गरी प्राथमिकता तथा सहायक तथ्यांक संकलन विधिको समेत प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

अनुसन्धानको क्रममा अध्ययनको उपयोग तथा अध्ययनको उद्देश्य खोजी गर्ने क्रममा संलग्न उद्देश्यका आधारमा विभिन्न अनुसन्धानमा विभाजन गरिएको छ । जसमा घटनाहरुलाई यथास्थितिमा तीनका स्वतन्त्र रुपलाई अध्ययन गर्न खुल्ला अन्तरवार्ता, प्रत्यक्ष अवलोकन र लिखित दस्तावेज गरी तीन प्रकारका विधिद्वारा अनुभव, विचार र धारणा संकलन गरिएको छ । भने प्रत्यक्ष अवलोकनद्वारा, अन्तरक्रिया प्रकृयाद्वारा तथा खुल्ला प्रश्नावली गरेर प्रस्तुती गर्ने काम गुणात्मक विधिबाट विश्लेषण गरिएको छ । तथा प्रस्तुत गरेका सिद्धान्तको आधारमा तथ्यांक विश्लेषण र प्रस्तुतीकरण गरिएको छ (आइसेक एस र डब्लु बी मिचेल, १९९५, खनाल, २०६०) ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

## ४.१ बालबालिकाको शिक्षणमा बाल विकास केन्द्रले पारेको प्रभावको विश्लेषण

शिक्षा विकासको पूर्वाधार तथा दिगो विकासको आधार हो । देशको विकासमा शैक्षिक जागरणले महत्वपूर्ण भुमिका खेलेको हुन्छ । राष्ट्रको शैक्षिक स्तर उकास्न औपचारिक तथा अनौपचारिक शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । बालबालिकाहरुका सर्वाङ्गिण विकासका लागि प्रारम्भिक बाल शिक्षाको महत्वपूर्ण भुमिका हुन्छ । हालको परिवेशमा प्रारम्भिक बाल शिक्षाको विकास र विस्तारका लागि सरकारी तथा गैरसरकारी तहबाट प्रशस्त लगानी गर्न नसकिएको अवस्था छ ।

यति हुदाहुदै पनि यस क्षेत्रमा पर्याप्त सामुदायिक सहभागिता जुटाउन नसकिएको, समुदायको आवश्यकता सँग तालमेल गर्न नसकिएको, कार्यक्रमको बास्तविकताको बारेमा स्पष्ट हुन नसकेको, कार्यक्रमले अपेक्षित प्रतिफल दिई समाजमा विभिन्न साकारात्मक छाप छोड्न नसकेको गुनासाहरु जनमानसमा रहेका छन् । जे भए पनि बालविकास शिक्षा कार्यक्रम संचालन भएको स्थानमा बालबालिकाहरुमा यस कार्यक्रमले साकारात्मक प्रभाव पारेको छ । कार्यक्रमहरु संचालन भएका स्थानका बालबालिकाहरुमा भएका कमि, अभिभावक तथा शिक्षकहरुको कमि कमजोरी कस्ता छन् ? उनीहरुले प्रारम्भिक बालशिक्षा हासिल गरिसकेपछि आफनो समाजिकरणमा कस्तो सहयोग प्राप्त गरेका छन् ? बालविकास केन्द्रले वालबालिकाको विकासमा पारेको प्रभाव कस्तो छ ? आदि कुराहरुको अध्ययन सँग सम्बन्धित भएर यसका कारणहरुको खोजी गर्न प्रश्नावली ५ सेट र अन्तर्वार्ता तथा छलफलहरुको मद्दतले प्राप्त तथ्यांकलाई प्रशोधन गरी व्याख्या र विश्लेषणका लागि तथ्यांकलाई तालिकामा प्रस्तुत गर्दै

सामान्य तथ्यांक शास्त्रको मद्दत लिई उद्देश्यहरुलाई मध्यनजर गरी तथ्यांकलाई वर्गीकरण गरि प्रस्तुत गरिएको छ ।

यस अध्ययन अन्तर्गत न.पा सिरहामा भएका बालविकास केन्द्रहरुमा २०७१ सालमा भर्ना भएका बालवालिकाहरुका भर्नालाई निर्दिष्ट गरेको देखिन्छ । यस तालिकालाई सामान्य रुपमा पनि विश्लेषण गर्दा जम्मा भर्ना बालबालिका संख्या १५४ मध्ये ८० (५२%) बालिकाहरु तथा ७४ (४८%) बालकहरु भर्ना भएको देखिन्छ । एउटा मात्र बालविकास केन्द्र (साझोमाई बालविकास केन्द्र) मा बालकहरुको भर्ना संख्या बालिकाहरुको तुल्नामा बढि देखिन्छ । जम्मा बालबालिकाहरुको भर्नालाई विश्लेषण गर्दा १२ (८%) जना मात्र दलित बालबालिकाहरु भर्ना भएको देखिन्छ । जस अन्तर्गत ६ (५०%) बालकहरु तथा ६(५०%) बालिकाहरु देखिन्छ । जुन जातिय (दलित) समावेशिता न्यून निर्दिष्ट गरेको देखिन्छ । सदायटोल बालविस केन्द्र मा मात्र दलित विद्यार्थ भर्ना दर अलि राम्रो देखिन्छ अन्यथा अरु बालविकास केन्द्रहरुमा दलित भर्नादर अति न्यून तथा नगन्य देखिन्छ ।

अध्ययन क्षेत्र भित्रका स.का. हरुलाई जम्मा ९ (नौ) वटा बहुबैकल्पिक प्रश्नहरुको समष्टिगत हो । यसमा ३ (तीन) स.का. हरुले शारीरिक सफाई तथा कपडा फोहोरलाई २ स.का.ले शारीरिक तथा पोशाक सरसफाइलाई, १ स.का. शारीरिक तथा पोशाक सरसफाइलाई तथा पोशाक सरसफाईलाई तथा १ स.का. ले सिकाइको प्रभाव नपरेकोलाई समर्थन गरेको देखिन्छ ।

अध्ययन क्षेत्र ३ स.का. ले सुनेको कुरा स्पष्ट उच्चारण गर्न सकेको, २ स.का. हरुले सुनेका कुरा अस्पष्ट उच्चारण गर्न सकेको, १ स.का. ले सुन्न ध्यान नदिएको तथा १ स.का. ले सुनाई प्रति उदासिनतालाई समर्थन गरेको देखिन्छ ।

समूह खेल सँग सम्बन्धितमा ३ स.का. हरुले खेल बाट प्राप्त सिकाई उपलब्धि हासिल गरेको, २ स.का. हरुले सहयोगी भावना विकास भएको, १ स.का. ले खेलको नियम अनुसार खेलेको तथा १ स.का. ले खेलको नियम भन्दा बाहिर गएर खेलेकोलाई समर्थन गरेको देखिन्छ । बाल गीत सँग सम्बन्धितमा ३ स.का. हरुले रमाएर, लय मिलाएर गाउन सकेको, २ स.का. हरुले रमाएर लय नमिलाएर गाउन सकेको, १ स.का. ले गाउन नसकेको तथा १ स.का. ले रमाउन नसकेकोलाई समर्थन गरेको देखिन्छ ।

बालकक्षा सफाई सँग सम्बन्धितमा ३ स.का. हरुले बालकक्षा सफा गर्न नसकेको, २ स.का. ले कसैले पनि सफाइमा ध्यान नदिएको, १ स.का. ले सबै मिलेर सफा गरेको तथा १ कक्षाकोठा केही मात्र सफा गरेकोलाई समर्थन गरेको देखिन्छ । समय पालना सँग सम्बन्धितमा ३ स.का. ले समयमा बालबालिकाहरु कक्षा नआएको, २ स.का. ले समयमा केही मात्र आएको, १ स.का. ले समय पालना सम्बन्धी बानी नपरेको तथा १ स.का. ले कक्षा संचालनको अन्त्य तीर आएकोलाई समर्थन गरेको देखिन्छ ।

कक्षा संचालन सँग सम्बन्धित प्रश्नको उत्तरमा ६ स.का. हरुले कक्षा नियमित संचालन भएको तथा १ स.का. ले निर्धारित समयमा कक्षा संचालन नभएकोलाई समर्थन गरेको देखिन्छ । सामाजिक सदभाव सँग सम्बन्धित उत्तरमा ३ स.का. हरुले बालबालिकाहरुलाई आदर, सत्कार, माया प्रदर्शन गर्न सकेको, २ स.का. ले सामाजिक सदभाग कायम गर्न नसकेको, १ स.का. ले सामाजिक सदभाव सामान्य रुपमा कायम गर्न सकेको तथा १ स.का. ले एक्लै बस्न रुचाएकोलाई समर्थन गरेको देखिन्छ ।

समुदाय आधारित बालविकास केन्द्र तथा विद्यालय आधारित बालविकास केन्द्रको सिकाई उपलब्धि सँग सम्बन्धित प्रश्नको उत्तरमा ६ स.का. हरुले

विद्यालय आधारित बालविकास केन्द्र भन्दा राम्रो सामुदायमा आधारित बालविकास केन्द्र तथा १ स.का. ले समुदायमा आधारित बालविकास केन्द्र भन्दा विद्यालयमा आधारित बालविकास केन्द्र राम्रोलाई समर्थन गरेको देखिन्छ । बालविकास केन्द्र हरुको मुख्य समस्याहरु खुल्ला रुपमा सम्बोधन गर्ने सँग सम्बन्धित प्रश्नको उत्तरहरुमा निम्नानुसार समस्याहरु प्रस्तुत गरेको देखिन्छ ।

बालविकास केन्द्रहरुको मुख्य समस्याहरु सामाधान गर्न प्रत्येकलाई सात सामाधानका उपायहरु उल्ले गर्न दिंदा आएका उपायहरु :

### ४.१.१ बालविकास केन्द्रमा भर्ना भएका बालबालिकाहरुका ४० अभिभावकहरु (२० महिला र २० पुरुष) लाई ८ वटा बहुबैकल्पिक तथा २ वटा खुल्ला प्रश्नको समष्टिगत

बालबालिकाहरुको समयमै उपस्थिती सँग सम्बन्धित उत्तरहरुमा २४ (६०%) जनाले समयमै उपस्थिती, ७ जनाले ध्यान नदिएको, ५ जनाले अनियमित उपस्थिती तथा ४ जनाले निरन्तर समयमै उपस्थितीलाई समर्थन गरेको देखिन्छ । स.का. हरुद्वारा कक्षा संचालन सम्बन्धी प्रश्नको उत्तरमा २३ जना स.का. हरु समयमै उपस्थिती, ७ जनाले स.का. हरुले ध्यान नदिएको, ६ जनाले अनियमित उपस्थिती तथा ४ जनाले निरन्तर समयमै उपस्थितीलाई समर्थन गरेको देखिन्छ । खाजा व्यवस्थापन सँग सम्बन्धित उत्तरमा १२ जना खाजा प्रति अचेत, १४ जना खाजा नपाएको, १० जना समयमा मागेको तर प्राप्त नभएको तथा ४ जना समयमै खाजा पाएकोमा समर्थन देखाएको देखिन्छ ।

बालवालिकाहरुको सरसफाई सँग सम्बन्धित प्रश्नको उत्तरमा १६ जना अभिभावकले ध्यान दिएको, १२ जना जागरुक नभएको, ८ जना स.का. ले जानकारी नगराएको तथा ४ जनाले जागरुक भएकोलाई समर्थन गरेको देखिन्छ । अभिभावक भेला/बा.वि.स. को बैठक सँग सम्बन्धित प्रश्नको

उत्तरमा २२ जनाले मासिक, १० जनाले त्रैमासिक ७ जनाले अर्धबार्षिक, १ जनाले नभएकोलाई समर्थन गरेको देखिन्छ ।

शैक्षिक सामग्रीहरु सँग सम्बन्धित प्रश्नको उत्तरमा २० जनाले अपर्याप्त भएको, १० जनाले व्यवस्थापन भएको ७ जनाले व्यवस्थापन भएर प्रयोग नभएको तथा ३ जनाले व्यवस्थापन नभएकोलाई समर्थन गरेको देखिन्छ । सिकाई उपलब्धि सँग सम्बन्धित प्रश्नको उत्तरमा २१ जनाले सि.उ. हासिल गरेको, ९ जनाले सि.उ. आंशिक प्राप्ती गरेको, ७ जनाले हासिल नगरेको, ३ जनाले प्रभावकारी हुन नसकेकोलाई समर्थन गरेको देखिन्छ ।

बालविकास केन्द्र निरीक्षण सँग सम्बन्धीत प्रश्नको उत्तरमा २० (५०%) जनाले मासिक, १० (२५%) जनाले त्रैमासिक, १० (२५%) जनाले अर्धवार्षिकलाई समर्थन गरेको देखिन्छ । बालविकास केन्द्रका मुख्य समस्याहरु तथा प्रश्न १० बालविकास केन्द्र मुख्य समस्या सामाधानका उपायहरु खुल्ला रुपमा ७/७ वटा लेख्न भन्दा दिएको परिणामहरु समष्टिगत रुपमा तल उल्लेखित देखियो ।

## ४.२ समुदायमा आधारित बालविकास केन्द्र र विद्यालयमा संचालित बालविकास केन्द्र विच तुलना

यस अध्ययन प्रयोजनका लागि ३५ बालबालिकाहरुलाई सोधिएको प्रश्न १ खाजा समय सँग सम्बन्धित उत्तरमा २८ बालवालिकाहरु खाजा समयमा नपाएको, ३ बालबालिकाहरु समयमै खाजा पाएको, २ समयमै खाजा माँग मात्र गरेको तर नपाएको तथा २ समयमै मतलब नै नभएको देखिन्छ । बालविकास केन्द्र तथा बालवालिकाहरुको घरको दुरी सम्बन्धमा प्रश्नको उत्तरमा २९ जना ५-१० मिनेट, ६ जना १५ मिनेटको दुरीमा भएको जानकारी दिएको देखिन्छ ।

लुगा फाटा सरसफाई कसले गर्दछ भन्ने प्रश्नको उत्तरमा २० जना आमा, बुवा, ९ जना दिदी दाई तथा ६ जनाले नगरेको दिएको देखिन्छ ।

खाना खाने बेला भन्दा अघि हात सफाई सँग सम्बन्धित प्रश्नको उत्तरमा १२ जनाले पानीले मात्र हात नघोएको तथा ३ जनाले साबुन पानीले हात धोएको भन्ने जानकारी दिएको देखिन्छ । दिशा पिसाब गरेर सरसफाई सम्बन्धित प्रश्नको उत्तरमा १२ जनाले पानीले मात्र हात धोएको, १० जनाले हात धोएको ९ जनाले हात धुन नरुचाएको तथा ४ जनाले साबुन पानीले हात धोएको जानकारी दिएको देखिन्छ । खेल सामग्री सँग सम्बन्धितमा २४ जनाले खेल सामग्रीहरु अपर्याप्त भएको, ५ जनाले पर्याप्त भए पनि प्रयोग नगरेको, ३ जनाले प्रयोग नै नभएको तथा ३ जनाले खेल प्रति उदासिन रहेको जानकारी देखिन्छ । शैक्षिक सामग्री सँग सम्बनिधत प्रश्नको उत्तरमा १९ जनाले पर्याप्त भएर पनि प्रयोग नभएको, ९ जनाले अपर्याप्त भएपनि प्रयोग भएको, ५ जनाले शैक्षिक सामग्रीहरु नभएको तथा २ जनाले प्रयोग नै नभएको उत्तर दिएको देखिन्छ ।

खेल/शैक्षिक सामग्रीहरु सुरक्षित व्यवस्थापन सँग सम्बन्धित प्रश्नको उत्तरमा १८ जनाले प्रयोग गरेर सुरक्षित व्यवस्थापन नगरेको, ५ जनाले मतलब नै नराखेको तथा ६ जनाले आंशिक सुरक्षित व्यवस्थापन गरेको देखिन्छ । प्रश्न नं. ९ स.का. हरुको बालमैत्री व्यवहार सम्बन्धित प्रश्नको उत्तरमा १७ जनाले बालमैत्री व्यवहार गरेको, १० जनाले बालमैत्री व्यवहार आंशिक गरेको, ५ जनाले बालमैत्री व्यवहार नगरेको तथा २ जनाले स.का.हरुको व्यवहार मनै नपरेको उत्तर दिएको देखिन्छ । कक्षा संचालन समय सम्बन्धि प्रश्नको उत्तरमा १५ जनाले समयमै निरन्तर संचालन, १२ जनाले अनियमित निरन्तर संचालन,

६ जनाले समयमै निरन्तर संचालन नभएको तथा २ जनाले समय निरन्तर परिवर्तन जानकारी दिएको देखिन्छ ।

**४.२.१ बा.वि.के. का बालवालिकाहरु कक्षा १ मा भर्नाहुने मातृ विद्यालयका प्र.अ. हरु सामुदायिक चार तथा संस्थागत जम्मा ५ तथा प्रत्येक मातृ विद्यालय कक्षा १ का कक्षा शिक्षक १/१ गरी ५ तथा १/१ अन्य शिक्षक बा.वि.के. को प्रभावकारीता सँग रुची राख्ने जम्मा ५ कूल १५ शिक्षकहरुलाई यस अध्ययन सँग सम्बन्धित गरेर सोधिएको प्रश्नहरुको समष्टिगत**

यस अध्ययन प्रयोजनका लागि सोधिएको प्रश्नहरुको उत्तर अन्तर्गत प्रश्न नं. १ बा.वि.के. बाट विद्यालय भर्ना समयावधि सँग सम्बन्धित प्रश्नको उत्तरमा १० जनाले समयमै विद्यालयमा भर्ना भएको, ३ जनाले समयमै विद्यालयमा भर्ना नभएको, १ समयमै विद्यालय भर्ना आंशिक भएको, १ जनाले स.का. हरुलाई भर्ना समयावधि सम्बन्धी मतलबै नभएकोलाई समर्थन गरेको देखिन्छ ।

बा.वि.के. द्वारा भर्ना गराइएको बाल वालिकाहरुको व्यवहार सँग सम्बन्धित प्रश्नको उत्तरमा ७ जनाले कक्षा १ मा भर्ना योग्य भएको, ५ जनाले बा.वि.के. को साकारात्मक प्रभाव परेको, २ जनाले कक्षा १ मा भर्ना योग्य नभएको तथा १ जनाले बा.वि.के. को प्रभाव नपरेकोलाई समर्थन गरेको देखिन्छ ।

प्रश्न नं. ३ बा.वि.के. बाट आउने बालवालिकाहरुको सरसफाई सँग सम्बन्धित प्रश्नको उत्तरमा ५ जनाले उचित भएको, ५ जनाले आंशिक प्रभाव परेको, ३ जनाले प्रभाव परेको तथा २ जनाले प्रभाव देखा नपरेकोलाई समर्थन दिएको देखिन्छ ।

बा.वि.के. बाट आउने बालवालिकाहरुमा भाषिक सीप सँग सम्बन्धितको उत्तरमा ४ जना पर्याप्त सिप, ४ जना आंशिक सिप देखा परेको, ४ जनाले उदासिन भएको, ३ जनाले प्रभाव नदेखिएकोलाई समर्थन दिएको देखिन्छ । बा.वि.के. बाट आउने बालवालिकाहरुको वसाई व्यवस्थापन सँग सम्बन्धितमा ५ जनाले बा.वि.के. को आंशिक प्रभाव परेको, ४ जनाले उचित भएको, ३ जनाले प्रभाव परेको र ३ जनाले प्रभाव देखा नपरेकोलाई समर्थन गरेको देखिन्छ ।

बा.वि.के. बाट आउने बालवालिकाहरु खेलसँग सम्बन्धितमा ५ जनाले रुचि देखाएको, ४ जनाले समूह खेल खेल्न सकेको, ३ जनाले खेल्न नसकेको र ३ जनाले वा.वि.के. को प्रभाव नदेखिएकोलाई समर्थन गरेको देखिन्छ । बालगीतहरु सम्बन्धमा सोधिएको प्रश्नको उत्तरमा ७ जनाले बालगीतहरु गाउन सकेको, ४ जनाले बालगीतहरु आंशिक गाउन सकेको, ३ जनाले बालगीतहरु गाउन नसकेको तथा १ जनो बालगीतहरुको प्रभाव नदेखिएकोलाई समर्थन गरेको देखिन्छ । पढाई, लेखाई सँग सम्बन्धित प्रश्नको उत्तरमा ६ जनाले अक्षर/अंक चिन्न सकेको, ४ जनाले अक्षर/अंक/ चिन्न नसकेको, ३ जनाले अक्षर/अंक प्रयोग गर्न नसकेको तथा २ जनाले अक्षर/अंक प्रयोग गर्न सकेको लाई समर्थन गरेको देखिन्छ । खुला रुपमा सोधिएकोमा प्रत्येकलाई चार खुला विकल्पहरु दिइएको अवस्थामा निम्नानुसार समष्टिगत देखियो । समुदायमा आधारित बा.वि.के. र विद्यालयमा आधारित वा.वि.के. को प्रभावकारीतामा भिन्नता के के छन् ?

**४.२.२ न.पा. सिरहा अगुवा स्रोतकेन्द्र अन्तर्गतका वा.वि.के. हरुको निरीक्षणको प्रमुख दायित्व बोकेका विद्यालय निरीक्षक, स्रोत व्यक्ति तथा न.पा सचिवलाई सोधिएको बहुबैकल्पिक प्रश्नहरुको उत्तरको समष्टिगत**

यस अध्ययन प्रयोजनकालागि सोधिएको प्रश्नावलीमा प्रश्न नं. १ वा.वि.के. हरुको निरीक्षण सँग सम्बन्धित प्रश्नमा २ जनाले मासिक तथा १ जनाले अर्धवार्षिक, प्रश्न नं. २ निरीषण पश्चात्य पृष्ठपोषणमा २ जनाले पृष्ठपोषण दिने गरेको तथा १ जनाले पृष्ठपोषणको सकारात्मक प्रभाव नपरेको, प्रश्न नं. ३ निरीक्षण क्रममा नमूना कक्षा संचालन सम्बन्धमा २ जनाले नमूना कक्षा संचालन गर्ने गरेको तथा १ जनाले नमूना कक्षा स.चालन नगरेको, प्रश्न नं. ४ खेल सामग्रीहरु प्रयोग सम्बन्धमा २ जनाले प्रयोगमा तथा १ जनाले आंशिक प्रयोगमा, प्रश्न नं. ५ स.का. लाई सुझाव सम्बन्धितमा २ जनाले सुझाव दिएको तथा १ जनाले सुझाव सँग स.का. हरुले मतलवै नराखेको, प्रश्न नं. ६ अभिभावक/स.का./ समिति अन्तरक्रियामा १ जनाले गरेको, १ जनाले आंशिक गरेको तथा १ जनाले गरेको तर प्रभाव नदेखिएको तथा प्रश्न नं. ७ Port follio सम्बन्धितमा २ जनाले व्यवस्थित भएको तथा १ जनाले दैनिक प्रयोग नभएकोलाई समर्थन दिएको देखिन्छ ।

### ४.२.३ प्रभावहरु

वा.वि.के. का स.का.हरु, अभिभावकहरु/समितिहरु, विद्यार्थी (बालवालिकाहरु), मातृ विद्यालय प्र.अ./शिक्षकहरु,न.पा. सचिव/वि.नि./स्रोतव्यक्तिहरुको प्रतिक्रियाहरुको आधारमा समष्टिगत रुपमा समुदायमा आधारित बालविकास केन्द्रहरुको प्रभावकारीताको प्रभावहरु बालविकास शिक्षाका उद्देश्यहरु आधारभूत तथा बालवालिकाको सरल समायोजनका लागि उनीहरुलाई सम्पूर्ण (शारीरिक तथा मनोवैज्ञानिक) रुपले तयार पार्नु बालविकास शिक्षाको प्रमुख उद्देश्य हो । विशेष गरी वालविकास शिक्षाका अन्य उद्देश्यहरु निम्नानुसार हुनेछन् :

शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैत्तिक, सिर्जनात्मक पक्षको विकासका लागि अवसर प्रदान गर्नु । सफासुग्धर रहने बानीको विकास गर्नु । सामाजिक मूल्य अनुरुप व्यवहार गर्ने वानीको विकास गर्नु । विद्यालय प्रति साकारात्मक धारणा र व्यवहारको विकास गर्नु । आधारभुत शिक्षाका लागि तयार पार्नु" बालविकास शिक्षाका उद्देश्यहरु अनुरुप शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक, सिर्जनात्मक पक्ष, सरसफाई, सामाजिक मूल्य मान्यता, आधारभूत शिक्षाको तयारीको रुपमा साकारात्मक प्रभाव पारेको देखिन्छ । तर लक्ष्य अनुरुप प्रत्येक सरोकारवालाहरु एक अर्का सँग हातेमालो गरेर वा.वि.के. हरुलाई सहयोग सदभाव दिनु पर्नेमा एक अर्का प्रति आक्रोसित, पूर्वाग्रही रहेको देखिन्छ । स.का. अभिभावक/विद्यार्थी/भौतिक सुविधालाई दोषी ठहराएको देखिन्छ । बालबालिकाहरुले स.का. को व्यवहार/अभिभावकलाई दोषी, वि.नि./स्रोतव्यक्तिले स.का./वा.वि.के. स्थापित समुदायलाई दोषी देखाएर अगाडि बढने प्रयत्नमा अग्रसर रहेको देखिन्छ ।

## ४.३ समुदायमा आधारित वा.वि.के. हरु लक्षित रुपमा प्रभावकार नदेखिने कारणहरु (बा.वि.के. का समस्याहरु)

केहि वा.वि.के. को आफनै पर्याप्त जग्गा/घर नहुनु । स.का. पुर्नताजगी तालिम व्यवस्थापन/तालिमा सिकेका सिप कक्षाकोठामा प्रयोग नहुनु । मुदाय/अभिभावकको प्राथमिकतामा वा.वि.के. नपर्नु । पर्याप्त शैक्षिक सामग्रीहरु नहुनु । शौचालय/खानेपानीको उचित व्यवस्थापन नहुनु । खाजा व्यवस्थापन नहुनु । स.का. हरु नियमित/समयानुसार केन्द्र संचालन नगर्नु । अभिभावक सचेतना गोष्ठीको अभाव हुनु । अभिभावकले बच्चालाई सरसफाई गरेर समयानुसार केन्द्र नपठाउनु । अभिभावकले अपनत्व नराख्नु । कक्षा व्यवस्थापन सामग्री/खेल सामग्रीहरु पर्याप्त नहुनु । बालबालिकाहरुको प्रगति प्रति अभिभावकहरु दृष्टिगत नगर्नु । नियमित निरीक्षण अभाव । वा.वि.के.

सुधार योजना अभाव हुनु । सम्पूर्ण सरोकारवालाहरु आ-आफ्नो दायित्व निर्वाह नगर्नु ।

### ४.३.१ समुदायमा आधारित वा.वि.के. हरु लक्षित रुपमा प्रभावकारी देखिन गर्नुपर्ने कार्यहरु (वा.वि.के. का समस्या सामाधानका उपायहरु)

केही समुदायमा आधारित वा.वि.के. को आवश्यकतानुसार आफनै जग्गा/घर व्यवस्थापन गर्नुपर्ने । स.का. हरुका लागि पुनर्ताजगी तालिम व्यवस्थापन तथा तालिममा सिकेका सिपहरु केन्द्रमा प्रयोग गर्नुपर्ने । समुदाय/अभिभावकहरुको प्राथमिकतामा वा.वि.के. हुनुपर्ने । आवश्यकतानुसार पर्याप्त शैक्षिक सामग्रीहरु व्यवस्थापन हुनुपर्ने । शौचालय/खानेपानी (स्वच्छ) व्यवस्थापन हुनुपर्ने । खाजा व्यवस्थापन समयमा हुनुपर्ने । स.का.हरु नियमित/समयानुसार केन्द्र संचालन गर्नुपर्ने । मासिक अभिभावक सचेतता गोष्ठी हुनुपर्ने । अभिभावकहरुले बालबालिकाहरुलाई सरसफाई गरेर समयानुसार केन्द्र पठाउनु पर्ने । वा.वि.के. सँग अभिभावकहरुले अपनत्व, साकारात्मक भाव राख्नु पर्ने । कक्षा व्यवस्थापन सामग्री/खेल सामग्रीहरु आवश्यक मात्रामा व्यवस्थापन हुनुपर्ने । बालबालिकाहरुको प्रगति प्रति अभिभावकहरु दृष्टिगत गर्नुपर्ने । नियमित निरीक्षण गर्नुपर्ने । वा.वि.के. को आर्थिक अभावलाई आवश्यकतानुसार सम्बोधन गर्नुपर्ने । वा.वि.के. सुधार योजना सरोकारवालाहरुको सहभागितामा निर्माण गर्नुपर्ने । सम्पूर्ण सरोकारवालाहरु आ-आफनो दायित्व यथा स्थानबाट निर्वाह गर्नुपर्ने ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

यस अध्ययन अनुसन्धामा विभिन्न उद्देश्यहरु राखी उपयुक्त तथ्यांक संकलनका साधन र उपयुक्त प्रक्रिया अपनाई त्यसका व्याख्या र विश्लेषण पश्चात यस अध्ययनको नतिजा (प्राप्ती), निष्कर्ष र सुझावहरु निम्नानुसार प्रस्तुत गरिन्छ :

## ५.१ निष्कर्ष

प्राथमिक तथा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित गरी विकास गर्नका लागि प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ तयार गरी प्रयोगमा ल्याउने व्यवस्था गरेको छ । उक्त पाठ्यक्रमले विविध किसिमका मनोरञ्जनात्मक शिक्षण सिकाई कियाकलापका माध्यमबाट ३ र ४ वर्ष उमेर समूहका सम्पूर्ण बालवालिकाहरुको सर्वाङ्गीण विकास गरी उनीहरुलाई प्राथमिक विद्यालयका लागि तयार गराउने उद्देश्य लिईएको छ । यसका ५ वटा मूख्य उद्देश्यहरु जस्तै बालवालिकाहरुलाई बौद्धिक, मानसिक, शारीरिक, संवेगात्मक, सामाजिक, नैतिक र सिर्जनात्मक विकासको अवसर प्रदान गर्ने उनीहरुलाई सरसफाई र सुरक्षा सम्बन्धी बानी बसाल्न प्रेरित गर्ने, उनीहरुलाई सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने, उनीहरुलाई प्राथमिक शिक्षाका लागि तयारी गर्ने, उनीहरुमा विश्वास र सुरक्षाको भावना जागृत गराउने, कार्यहरु अगाडी बढाइएको पाइन्छ ।

यही उद्देश्यलाई पुरा गराउन नेपालमा नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागद्वारा सन् १९९९ देखि वालविकास कार्यक्रमलाई जिल्ला शिक्षा कार्यालय मार्फत कार्यान्वयनमा लगाइएको छ । सोहि अनुसार जिल्ला शिक्षा कार्यालय सिरहालाई पनि त्यस पछिको आर्थिक वर्षहरुमा कोटा संख्याको

आधारमा वालविकास केन्द्रका कार्यक्रमहरु सञ्चालन गर्ने जिम्मेवारी दिइयो ।

यो अध्ययन मुख्य रुपमा जिल्ला सिरहा, श्री च.उ.मा.वि सिरहा अगुवा स्रोतकेन्द्र, अन्तर्गतका ७ (सात) वटा वा.वि.के. लाई अध्ययन क्षेत्रको रुपमा लिइएको र यस समुदाय आधारित वा.वि.के.हरुले बालबालिकाहरु (शारीरिक, मांसिक, संवेगात्मक, सामाजिक, नैत्तिक, सिर्जनात्मक पक्षको विकास), समुदाय आधारित वा.वि.के. हरुमा देखापरेको समस्याहरु पहिचान तथा समाधानका उपाय खोजी गर्ने मध्य नजर गरी अध्ययन गरिएको हो । यसमा स.का. हरु बालबालिकाहरु, अभिभावकहरु, मातृ विद्यालय प्र.अ./शिक्षक, न.पा. सचिव, स्रोतव्यक्ति, वि.नि. हरुलाई समावेश गरी प्रश्नावली, अन्तर्वार्ता तथा छलफल आदि अनुसन्धानको साधनहरुको प्रयोग गरी अध्ययन गरिएको हो ।

समुदाय आधारित वा.वि.के. बालबालिका भर्ना प्रतिशत ९०% देखिएकोले समुदाय आधारित वा.वि.के. ले लक्षित उद्देश्यहरु अनुरुप बालबालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक, सिर्जनात्मक, सामाजिकीकरण आदि पक्षहरुमा साकारात्मक प्रभाव विभिन्न अभावहरुको वावजुद पनि देखिन्छ । तर हाम्रो राष्ट्रिउ प्रारुपले तोकेको लक्षित उपलब्धिहरु आ-आफनै आन्तरिक तथा बाह्य कारणहरुको प्रभावहरुले गर्दा हासिल नगर्न सकेको देखिन्छ । समुदाय आधारित वा.वि.के. तथा विद्यालय आधारित वा.वि.के. हरुलाई तुल्नात्मक रुपले अध्ययन गर्दा समुदाय आधारित वा.वि.के. मा ९०% र विद्यालय आधारित वा.वि.के. मा १०% बालबालिका रहेता पनि समुदाय आधारित वा.वि.के. विद्यालय आधारित वा.वि.के. को तुल्नामा भौत्तिक, आर्थिक, समुदायिक सदभाव नियमितता तथा निरन्तरता कमजोर रहेको देखिन्छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ (पाठ्यक्रम विकास केन्द्र) ले निर्धारित गरेको बालविकास शिक्षाका उद्देश्यहरु अधिकतम रुपमा हासिल गर्नका लागि यस अध्ययनले औल्याएका समस्याहरु क्रमश: प्राथमिकीकरण गरी समस्या सामाधानका उपायहरु प्रयोग गर्ने हो भन्ने लक्षित उद्देश्यहरु प्राप्ती गर्न सहज हुने देखिन्छ ।

समाज विकासका लागि मेरुदण्ड रहेको शिक्षा तथा संस्कार विकासका लागि शैषिक संस्थाहरु प्रतिको जनु नकारात्मक भाव समुदायमा देखिन्छ, त्यसलाई साकारात्मक रुपमा परिमार्जन गरी शैक्षिक संस्थाहरु सहयोग, सदभाव, सहमतिलई मार्ग दर्शक सिद्धान्त मनन् गर अनुरुप नै एक सक्षम नागरिक उत्पादनको निमित वा.वि.के. हरुको महत्वलाई मनन् गरी स्थानीय स्तरमा रहेको स्थानीय निकाय, समुदाय, विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थाहरुले वा.वि.के. हरुमा सहयोगका हात बढाउने हो तथा स.का. हरुले उत्तरदायी भएर कर्तव्य पालना गर्ने हो भन्ने मात्र वा.वि.के. हरुले निर्धारित, लक्षित उद्देश्यहरु पूरा गर्न सक्ने हुन भन्ने देखिन्छ ।

## ५.२ सुझावहरु

### ५.३.१ नितिगत तह

यस अध्ययनमा वि.नि., स्रोतव्यक्ति, न.पा. सचिव, मातृ विद्यालयका प्र.अ./शिक्षकहरु, स.का. हरु, अभिभावकहरु, बालबालिकाहरु आदिबाट प्राप्त तथ्यांकको व्याख्या विश्लेषण पश्चात समुदाय आधारित वा.वि.के. प्रभावकारिता वृद्धि गर्न सम्बन्धित सरोकारवालाहरुको लागि पनि केही सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.३.२ अभ्यास तह

बालविकास केन्द्रहरु मार्फत बालवालिकाहरुको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक, मानसिक विकासमा सहयोग पुरयाउने उद्देश्यले स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय निकायहरु गाउँ विकास समिति र नगरपालिकालाई आ-आफनो स्रोतबाट पूर्व प्राथमिक विद्यालय स्थापना गर्ने र त्यस्ता केन्द्रहरु संचालन सम्बर्द्धन गर्ने अधिकार प्रदान गरेको छ । तर दुर्भाग्यवश हाम्रो स्थानीय राजनैतिक दलहरु तथा स्थानीय निकायहरुको प्राथमिकता सूची शैक्षिक संस्थाहरु परेको महशुश हुदैन । आगामी दिनहरुमा वा.वि.के. तथा शैक्षिक संस्थाहरुलाई प्राथमिकिकरण गरी सहयोग अभिवृद्धि गराइनु पर्दछ ।

### ५.३.३ अनुसन्धान तह

संयुक्त राष्ट्रसंघिय बाल अधिकार सम्बन्धी विश्वव्यापी घोषणा १९४८ ले “शिक्षा पाउनु अधिकार भएकोले कम्तिमा आधारभूत ताथ प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुनुपर्दछ भनेको छ ।” तर व्यवहारमा अहिले पनि कार्यान्वयन हुन कम्तिमा सहयोग गरी वा.वि.के. हरुको क्षमता तथा सक्षमता अभिवृद्धि गर्नुपर्दछ । वा.वि.के. को सवल कार्यान्वयनको लागि समुदायसँग समन्वय तथा सञ्जालीकरण र साझेदारीमा नितीगत रुपमा जोड दिएको छ, तर त्यो हुन सकिरहेको छैन । अगामी दिनहरुमा अभिभावकहरु स्थानीय निकायहरु अपेक्षि रुपले सहभागि भएर समन्वय गर्नुपर्दछ । २१ औं शताब्दीमा पनि सिरहा जिल्ला साक्षरता अभिवृद्धि गर्न संघर्षरत रहेको अवस्थामा वा.वि.के. कम्तीमा साक्षरता केन्द्रको रुपमा विकास विस्तार गरेर साक्षरतामा समृद्धि हासिल गर्नुपर्दछ । दोषारोपणको नाकारात्मक भावलाई तिरस्कार तथा परिवर्तन आफ्-आफनै समुदायबाटको अवधारणालाई स्वीकार गरेर हामी प्रत्येकले एक अर्कासँग सहयोग, सदभावको हातेमालो गर्ने प्रयत्न गरयौं भन्ने मात्र हामी अपेक्षित लक्ष्य शिक्षा क्षेत्रमा प्राप्त गर्न सक्छौं भन्ने अवधारणा विकास गरिनु पर्दछ ।

**सन्दर्भ सामग्रीहरु**

आचार्य, बलराम (२०६२), *अनुसन्धान पद्धति तथा प्रतिवेदन* लेखन, काठमाण्डौ : नेशनल बुक्स हाउस ।

शिक्षा विभाग (२०५८) *बाल विकास शाखा,* भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६१) *बाल विकास केन्द्र निर्देशिका,* भक्तपुर : लेखक ।

सामाहित शिक्षा शाखा (२०६२)

श्रेष्ठ, अरविन्द लाल र साथीहरु (२०६४), *प्रारम्भिक बाल्यावस्था विकासको सिद्धान्त,* कीर्तिपुर : डीनको कार्यालय, शिक्षा शाखा संकाय ।

खनाल, पेशल (२०६१), *शैक्षिक अनुसन्धान पद्धति, काठमाण्डौ* : स्टुडेन्टस बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिव्यूटर्स ।

जिल्ला शिक्षा कार्यालय (२०६६) *शैक्षिक झलक,* सिरहा : लेखक ।

*'वालविकास आधारभूत तालिम पुस्तिका'* प्रशिक्षकका लागि २०५९ प्रारम्भिक बालविकास शाखा सानोठिमी भक्तपुर ।

*विद्यालय क्षेत्र सुधार योजना २०६६-७२* नेपाल सरकार शिक्षा मन्त्रालय, काठमाण्डौं ।

*नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी रणनीतिक पत्र २०६१*, युनेस्को नेपाल ।

नेपालमा विद्यालय शिक्षाकालागि राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

'प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ताका लागि तयार गरिएका पुनर्ताजगी तालिम पुस्तिका' २०६७ प्रारम्भिक बालविकास शाखा, सानेठिमी भक्तपुर ।

प्रारम्भिक बालविकास तथा बालमैत्री विद्यालय अवधारणा अभिमूखिकरण तालिम, २०६०, सेभ द चिल्ड्रेन क्षत्रिय कार्यालय, विराटनगर ।

प्रारम्भिक बालअधिकार दिग्दर्शन पाठ्यक्रम २०६२, शिक्षा विभाग, प्रारम्भिक बालविकास शाखा, सानोठिमी भक्तपुर ।

प्रारम्भिक बालविकास अभिभावक शिक्षा तेस्रो मोडुल २०६९, USAID ।

'मेरो क्रियाकलाप' सेभ द चिल्ड्रेन, हिमालयन फिल्ड अफिस नेपाल कार्यक्रम ।

## अनुसूची : एक

## अभिभावकहरुलाई सोधिने प्रश्नहरु

| | |
|---|---|
| नाम : | उमेर : |
| पेशा : | नाा : |
| लिङ्ग : | धर्म : |
| शिक्षा : | परिवार संख्या : |

१.

२.

३.

४.

अ १. सर्वेक्षण फाराम

अ. २ वा.वि.के.स.का लाई सोध्ने प्रश्नहरु

१. वाल वालिकाहरुले

क) शारीरिक तथा पोशाक सरसफाई गरेको ।

ख) शारीरिक तथा पोशाक सफाई नगरेको ।

ग) शारीरिक सफाई तर कपडा फोहर ।

घ) सिकाईको प्रभाव नपरेको ।

२. वाल वालिकाहरुले

क) सुनेको कुरा स्पष्ट उचारण गर्न सकेको ।

ख) सुनेको कुरा अस्पष्ट उचारण गर्न सकेको ।

ग) सुन्न ध्यान नदिएको ।

घ) सुनाई प्रति उदासीन ।

३. समूहमा

क) खेल को नियम अनुसार खेलेको ।

ख) खेलको नियम अनुसार वाहिर गएर खेलेको ।

ग) खेल वाट प्राप्त सिकाई उपलब्धि हासिल गरेको ।

घ) सहयोगी भावना विकास भएको ।

४. वाल गीतहरु

क) रमाएर, लय मिलाएर गाउन सकेको ।

ख)रमाएर लय नमिलाएर गाउन नसकेको ।

ग) गाउन नसकेको ।

घ) रमाउन नसकेको ।

५. बालकक्षा (ECD)

क) सवै मिलेर सफा गरेको ।

ख) केही मात्र सफा गरेको ।

ग) कसैले पनि सफाईमा ध्यान नदिएको ।

घ) सफा गर्न वानी नपरेको ।

६. सवै वालवालिकाहरु

क) समयमा कक्षा नआएको ।

ख) समयमा प्रतिशत मात्र आएको ।

ग) कक्षा संचालनको अन्ततिर आएको ।

घ) समय पालना सम्बन्धि वानी नपरेको

७. कक्षा संचालन

क) कहिलेकाहि  मात्र संचालन भएको ।

ख) नियमित संचालन नभएको ।

ग) निर्धारित समयमा कक्षा संचालन नभएको ।

घ) पुरा समय कक्षा संचालन नभएको ।

८. वालवालिकाहरु

क)समाजिक सदभाव कायम गर्न सकेको ।

ख) समाजिक सदभाव कायम गर्न नसकेको ।

ग) एकलै वस्न रुचाउने भएको ।

घ) आदर सत्कार माया प्रर्दशन गर्न सकेको ।

९. समुदायमा आधारित वा.वि.के.र विद्यालय आधारित वालविकास केन्द्रको सिकाई उपल्वधी

क) स.आ.वा.वि.के. श्र वि.अ.वा.बि.के

ख) स.आ.वा.वि.के. ? वि.अ.वा.बि.के

ग) स.आ.वा.वि.के. . वि.अ.वा.बि.के

घ) स.आ.वा.वि.के. ≠ वि.अ.वा.बि.के

१०. वा.वि.के.को. मुख्य समस्याहरु

११. वा.वि.के.को सामाधानका उपायहरु

अ.(३) वा.वि.के.को अभिभावक/समितिलाई सोधने प्रश्नहरु :

१. बालबालिकाहरु

क) समयमै उपस्थिती ।

ख) निरन्नतर समयमै उपस्थिती ।

ग) अनियमित उपस्थिती

घ) ध्यान नदिएको ।

२. स.का.हरु कक्षा संचालन :

क) समयमै उपस्थिती ।

ख) निरन्नतर समयमै उपस्थिती ।

ग) अनियमित उपस्थिती

घ) ध्यान नदिएको ।

३. बालबालिकाहरु

क) समयमै खाजा खाएको ।

ख) समयमा मागेको तर प्राप्त नभएको ।

ग) खाजा नपाएको ।

घ) खाजा प्रति अचेत ।

४. वालवालिकाहरु सरसफाई प्रति

क) जागरुक नभएको ।

ख) जागरुक भएको ।

ग) अभिभावकले ध्यान नदिएको ।

घ) स.का.ले.जानकारी नगराएको ।

५. अभिभावक भेला/वा.वि.के.स.को वैठक

क) मासिक

ख) त्रैमासिक

ग) अध्वार्षिक

घ) नभएको ।

६. सिकाई शैक्षिक सामग्री

क) व्यवस्थापन भएको ।

ख) व्यवस्थापन भएर प्रयोग नभएको ।

ग) व्यवस्थापन नभएको ।

घ) अपर्याप्त भएको ।

७. सिकाई उपलव्धि

क) हासिल गरेको

ख) प्रभावकारी हुन नसकेको

ग) हासिल नगरेको

घ) आंशिक प्राप्ती

८. वा.वि.के निरीक्षण

क) त्रैमासिक ख) मासिक ग) अर्धवार्षिक घ) नभएको ।

९. वा.वि.के.को मुख्य समस्याहरु :

१०. वा.वि.के.को मुख्य समस्याहरु समाधानका उपायहरु

अ.(४) वा.वि.के.को वालवालिकालाई सोध्ने प्रश्नहरु

१. समयमै ।

क) खाजा पाएको ।

ख) खाजा नपाएको ।

ग) खाजा माँग मात्र गरेको तर नपाएको ।

घ) मतलवनै नभएको ।

२. वा.वि.के.को. घरवाट दुरी

क) ५-१० मिनेट ।

ख) १५ मिनेट ।

ग) २५ मिनेट ।

घ) ३० मिनेट ।

३. लुगा फाटाँ सरसफाई कसले गर्दछ

क) आमा,वुवा

ख) दीदी/दाई

ग) आफै

घ) नगरेको

४. खाना खानु वेला भन्दा अघि

क) सावुन पानीले हात धुने गरेको ।

ख) पानिले मात्र हात धोएको ।

ग) हात नधोएको ।

घ) मतलवै नभएको ।

५. दिशा पिशाव गरेर

क) सावुन पानिले हात धोएको ।

ख) पानीले मात्र हात धोएको ।

ग) हात धोएको ।

घ) हात धुन नरुचाएको ।

६. खेल सामग्री

क) अपर्याप्त भएको ।

ख) पर्याप्त भएर प्रयोग नगरेको ।

ग) खेल्न नजानेको ।

घ) खेल प्रति उदासनि ।

७. शैक्षिक सामग्री

क) पर्याप्त भएर प्रयोग नभएको ।

ख) अपर्याप्त भएपनि प्रयोग भएको ।

ग) प्रयोग नै नभएको ।

घ) शैक्षिक सामग्रीहरु नभएको ।

८. खेल/शैक्षिक सामग्रीहरु

क) प्रयोग गरेर सुरक्षित व्यवस्थापन ।

ख) प्रयोग गरेर सुरक्षित नगरेको ।

ग) मतलवै नभएको ।

घ) आंशिक सुरक्षित व्यवस्थापन ।

९. स.क.हरुले

क) वालमैत्री व्यवहार गरेको

ख) वालमैत्री व्यवहार नगरेको

ग) वालमैत्री व्यवहार आंशिक गरेको

घ) मनै नपरेको

१०. कक्षा

क) समयमै निरन्तर संचालन

ख) समयमै निरन्तर नभएको

ग) अनियमित निरन्तर संचालन

घ) समय निरन्तर परिवर्तन

अ.५ मातृविद्यालयका शिक्षक/प्र.अ.लाई सोध्ने प्रश्नहरु

१. वा.वि.के.वाट

क) समयमै विद्यालयमा भर्ना भएको

ख) समयमै विद्यालयमा भर्ना नभएकाने ।

ग) समयमै विद्यालयमा भर्ना आंशिक भएको ।

घ) स.का.हरुलाई मतलव नभएको ।

२. वा.वि.के.द्वारा वालवालिकाहरुको व्यवहार

क) कक्षा १ मा भर्ना योग्य भएको ।

ख) कक्षा १ मा भर्ना योग्य नभएको ।

ग) वा.वि.के.को. सकारात्मक प्रभाव परेको ।

घ) वा.वि.के.को. प्रभाव नपरेको ।

३. वा.वि.के.वाट आउने वालवालिकाहरुको सरसफाई

क) उचित भएको ।

ख) प्रभाव परेको ।

ग) प्रभाव देखा नपरेको ।

घ) आंशिक प्रभाव परेको ।

४. वा.वि.के.वाट आउने वालवालिकाहरुमा भाषिक सीप

क) पर्याप्त सीप

ख) आंशिक देखा परेको

ग) प्रभाव नदेखिएको

घ) उदासीन भएको

५. वा.वि.के.वाट आउने वालवालिकाहरुको वसाई व्यवस्थापन

क) उचित भएको ।

ख) प्रभाव परेको ।

ग) प्रभाव देखा नपरेको ।

घ) आंशिक प्रभाव परेको ।

६. वा.वि.के.वाट आउने वालवालिकाहरु खेलमा

क) रुचि देखाएको ।

ख) केही खेलहरु खेल्न समूहमा सकेको ।

ग) खेल्न नसकेको ।

घ) वा.वि.के.प्रभाव नदेखिएको ।

७. वा.वि.के.वाट भर्ना भएका विद्यार्थीहरु

क) वालगीतहरु गउन सकेको

ख) वालगीतहरु गउन नसकेको ।

ग) वालगतिहरु आंशिक गाउन सकेको ।

घ) वालगीतहरु प्रभाव नदेखिएको ।

८. वा.वि.के.वाट भर्ना भएका विद्यार्थीहरु

क) अक्षर/अंक चिन्न सकेको

ख) अक्षर/अंक प्रयोग गर्न सकेको

ग) अक्षर/अंक चिन्न नसकेको

घ) अक्षर/अंक प्रयोग गर्न नसकेको

९. समुदायमा आधारित वि.वि.के र विद्यालयमा आधारित वा.वि. केन्द्रमा प्रभावकारितामा भिन्नता के-के छन् ?

१०.समुदायमा आधारित वि.वि.के र विद्यालयमा आधारित वा.वि. केन्द्रमा प्रभावकारितामा भिन्नता किन छ ?

११. समयमा समाधानका उपायहरु

अ.(६) वि.नि. ⁄स्रोत व्यक्ति⁄ न.पा. सचिवहरुलाई सोध्ने प्रश्नहरु

१. वा.वि.के.हरुको निरीक्षण

क) मासिक

ख) अर्धवार्षिक

ग) बार्षिक

घ) अनियमित

२. निरीक्षण पश्चात पृष्ठपोषण

क) दिने मात्र गरेको ।

ख) पृष्ठपोषण सकारात्मक प्रयोग भएको ।

ग) पृष्ठपोषण प्रयोग नभएको ।

३. निरीक्षण कममा

क) नमूना कक्षा संचालन गर्ने गरेको ।

ख) नमूना कक्षा संचालन नगरेको ।

ग) नमूना कक्षाको प्रभाव नपरेको ।

घ) नमूना कक्षा प्रभाव सकारात्मक परेको ।

४. खेल समाग्री

क) प्रयोगमा

ख) आंशिक प्रयोगमा

ग) प्रयोग नभएको ।

घ) प्रभाव नपरेको ।

५. स.क.लाई सुझाव :

क) दिएको ।

ख) नदिएको ।

ग) सुझावसंग स.क.मतलव नराखेको ।

६. अभिभावक/स.का./समिति संग अन्तक्रिया

क) गरेको ।

ख) आंशिक गरेको ।

ग) गरेको तर प्रभाव नदेखिएको ।

७. Port folio

क) व्यवस्थित भएको ।

ख) अव्यवस्थित भएको ।

ग) प्रभाव न्यून ।

घ) दैनिक प्रयोग नभएको ।